

# कृषिका सुसेलीहरू

## नापा कृषि-कविता संग्रह

### अंक-१

एसोसियसन अफ नेपालीज एग्रिकल्चरल प्रोफेसनल्स अफ अमेरिकाज (नापा)

२०२१

कृषिका सुसेलीहरू
नापा कृषि-कविता संग्रह, बि. सं. २०७७ (इ. सं. २०२१)
एसोसियसन अफ नेपालीज एग्रिकल्चरल प्रोफेसनल्स अफ अमेरिकाज (नापा)

द्रष्टव्य: यो कविता संग्रहमा प्रस्तुत अभिव्यक्तिहरू सर्जकहरूका निजी धारणाहरू हुन्, जसले प्रकाशक र सम्पादकका धारणाको प्रतिनिधित्व गर्दैनन्।

## सम्पादन समिति

अम्बिका अधिकारी तिवारी

नित्यानन्द खनाल

भरतमान श्रेष्ठ

## अतिथि सम्पादक

टीकाराम वाग्ले

आवरण पृष्ठ सजावट: प्रमोद पोख्रेल

© Association of Nepalese Agricultural Professionals of Americas (NAPA) https://napaamericas.org/

प्रकाशित सामाग्रीहरू लेखक र प्रकाशकलाई उद्धरण गरी पुन: प्रकाशन गर्न सकिनेछ |

# प्रकाशकीय

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी अर्थात् माता र मातृभूमि स्वर्ग भन्दा पनि प्यारो हुन्छ। यो भनाइमा सायदै दुई मत होला। स्वदेशको माया कति हुन्छ परदेशमा भनेर कसैलाई सोधिरहनु नपर्ला। ज्ञान आर्जनका लागि परदेशीएका सपूतहरू आफ्नो ज्ञान र विवेकको प्रयोग स्वदेश र स्वदेशी जनहरूको हितकोलागि कसरी तम्तयार हुन्छन् भन्ने कुरा एसोसियसन अफ नेपालीज एग्रिकल्चरल प्रोफेसनल्स अफ अमेरिकाज (नापा) गठन हुँदा ताकाको पाँच वर्ष अघिको समय पुनरावलोकन गर्दा छर्लङ्ग हुन्छ। केही वरिष्ठ नेपाली कृषि विज्ञहरुको छलफलमा उठेको परिकल्पनामा नापा नामक संस्था सन् २०१६ मा विधिवत् अमेरिकी नियमानुसार दर्ता भएको सर्वविदितै छ। नापाको जन्म भए लगत्तै यसमा सदस्यता लिएर मातृभूमि नेपाल र नेपालीकोलागि योगदान दिने स्वयंसेवीहरुको संख्या दिनानुदिन बृद्धि भइरहेकोछ भन्दा मलाई अत्यन्त गौरव महसुस हुन्छ। अमेरिकामा रहेको संस्था भएता पनि विश्वभर फिँजिएर रहनुभएका कृषि तथा कृषि सम्बन्धित विज्ञहरुलाई एकत्रित गरी नेपाल मात्र नभई समग्र विश्वमा खाद्य सुरक्षाकोलागि योगदान दिन यस संस्थाले जमर्को गरेको छ। यसको मूल मर्मलाई आत्मसात् गरेर विभिन्न आयाममा आफ्नो कर्म देश र जन्म देश दुवैमा नापा परिवारले योगदान गरेको छ। उल्लेखनीय गतिविधिहरुमा नेपाल र विदेशमा रहेर कृषि अनुसन्धानमा संलग्न विज्ञहरुको ज्ञानलाई जनस्तरमा पुऱ्याउन र युवा विद्यार्थीहरुलाई कृषि विज्ञानमा आकर्षित गरी समाजमा खाद्य सुरक्षाकोलागि प्रत्याभूति दिने उद्देश्यले नापाले विभिन्न गतिविधिहरू गरिरहेको छ। नेपालका युवा वर्गलाई वैज्ञानिक कृषि अनुसन्धानमा आर्थिक सहयोग र वैज्ञानिक मार्ग दर्शन मात्र नभएर अनुसन्धानका नतिजाहरू बृहत जनसमुदाय माझ पुऱ्याउने माध्यम पनि नापा बनेको छ। विज्ञान र कला साथसाथै अघि बढ्न सक्छ र साहित्यले जनचेतना जगाउने काममा अहम् भूमिका निर्वाह गर्न सक्छ भन्ने तथ्यलाई मध्यनजर गरेर नापाले आफ्ना सर्वाधिक कार्यक्रमहरुमा कविता वाचन कार्यक्रम राख्ने चलन चलाएको छ। विभिन्न कार्यक्रमहरुमा वाचन गरिएका प्रतियोगी वा अप्रतियोगी कविताहरूको संग्रह प्रकाशित गर्न नापाका सदस्य साथीहरुको प्रस्ताव आउँदा जति म खुशी थिएँ, त्यो भन्दा बढी खुशी आज "कृषिका सुसेलीहरु" नामक पुस्तक प्रकाशित गरी यहाँहरु माझ पुऱ्याउन पाउँदा महसुस गरेको छु।

भनिन्छ, गीत कविता मानवको अन्तस्करणको उद्गार हो। एउटै गीतले पूरा समाज परिवर्तन गर्न भूमिका खेलेको विभिन्न कालखण्डका इतिहासहरू साक्षी छन् । भर्खरै अमेरिकी राष्ट्रपति बाइडेनको उद्घाटन समारोहमा वाचन गरिएको युवा कवि अम्यान्डा गोर्मनको कविता “द हिल वि क्लाइम्ब”ले विश्वकै ध्यान आकर्षित गर्न सक्षम भयो। यस “कृषिका सुसेलीहरू”मा पनि होनाहार युवाहरुको धड्कन कविता वा गीतको रूपमा धड्किएका छन् । गद्य कविता मात्र नभएर छन्दमा समेत कविता पस्केर युवाहरुले आफ्नो रचना क्षमताको सटीक उदाहरणहरू प्रदर्शन गर्नुभएको छ। सबै कवि कवयत्रीहरूलाई हार्दिक बधाई दिन चाहन्छु।

यो अंकको कविता संग्रह प्रकाशित गर्न सम्पादक समितिमा रहेर अहोरात्र खट्नु हुने नापा सदस्यहरू अम्बिका अधिकारी तिवारी, नित्यानन्द खनाल र भरतमान श्रेष्ठलाई सम्पादन कार्य सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा हार्दिक धन्यबाद सहित बधाई ज्ञापन गर्दछु। यस्तै अतिथी सम्पादक श्री टीकाराम वाग्लेज्यूलाई सम्पूर्ण नापा परिवारको तर्फबाट विशेष धन्यवाद। यसमा समेट्न नसकिएका थुप्रै नापा सदस्य साथीहरू र अन्य स्वयंसेवीहरूलाई एकमुष्ट धन्यवाद ज्ञापन गर्दछु।

कविता संग्रह प्रकाशित गर्ने नापाको यो पहिलो प्रयास हो। पाठकहरूको अमूल्य सल्लाह एवम् सुझाव अनुसार भविष्यका अंकहरूमा यो अझै परिष्कृत हुनेछ भन्ने आशा तथा विश्वास लिएको छु। आदरणीय पाठकहरूलाई आफ्नो मनमा लागेका सल्लाह र सुझाव निःसन्देह पठाई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछु।

**प्रा. डा. मेघनाथ पराजुली**
अध्यक्ष, नापा कार्यकारिणी समिति

वसन्त पञ्चमी, फेब्रुअरी १६, २०२१

# सम्पादकीय

आज हेर्दा हेर्दै नापाको जन्म भएको पनि पाँचौ वर्ष पुरा भएर छैठौं वर्ष हुन लागेछ । जहाँ भए पनि हामी नेपालीहरू हाम्रो संस्कृतिप्रति गर्व गर्छौँ; नेपालको माया मनभरि साँचेर नेपालको उन्नतिको बारेमा निरन्तर चिन्तन गर्दछौँ । यिनै चिन्तन र “कृषि-रुपान्तरणको माध्यमबाट खाद्य-सुरक्षा” को अवधारणाका साथ अमेरिका र संसारभर छरिएर रहेका नेपाली समुदाय बिच समन्वयात्मक पहलको रुपमा नापाको स्थापना भएको थियो । स्थापना पछिको छोटो अवधिमै कुशल नेतृत्व र क्रियाशील सदस्यहरूको सक्रियताबाट नापाले साङ्गठनिक आधार बिस्तार गर्दै लक्ष्य र उद्देश्य अनुसार विविध कार्यक्रमहरू सन्चालन गरिरहेको छ । सरोकारवालाहरूको ज्ञान, सिप र क्षमताको परिचालन गर्दै उत्साहका साथ नापाले नेपालमा पनि सहकार्‍य र सहयोगका नतिजाहरू देखाइसकेको छ। नापा कुनै पनि राजनीति, जाति, सम्प्रदाय र धर्म निरपेक्ष विशुध्द कृषिप्रधान सेवामुखी स्वयंसेवी संस्था हो।

अहिलेको परिवेशमा धेरै नेपाली युवाहरू रोजगारीको खोजीमा विदेशी भूमिमा भौंतारी रहेकाछन् भने नेपालका सुन्दर अनि उर्वर भूमिहरू जनशक्तिको अभावमा बाँझिदै गएका छन् । यो क्रमलाई बदल्नकोलागि ज्ञान र सिपको विकास, श्रमको परिचालन र श्रोत-साधनको जगेर्ना गर्दै जीविकोपार्जन र आयआर्जनका आधारहरू बिस्तार गर्नु अहिलेको प्राथमिक आबश्यकता हो। देशको आर्थिक उन्नतिकोलागि ब्यबहारिक र सृजनात्मक शिक्षाको माध्यमबाट भावी सन्ततिलाई क्षमतावान् बनाउनु हाम्रो कर्तब्य हो । युवाहरू देशका भावी खम्बाहरू हुन् । उनीहरूमा जागेका भावनालाई प्रोत्साहन दिने र व्यक्ति-व्यक्तिको रुचि र सम्भाव्य क्षमता अनुसार कुन कृषि व्यवसायमा कुन व्यक्तिलाई कुन दायित्वमा कस्तो सहयोग पुर्याउदा व्यावसायिकताको आधार र कृषिको दिगो रुपान्तरणमा टेवा पुग्न सक्छ भन्ने सम्भाव्यतालाई पहिचाहन गर्दै आवश्यकता-मुखी अभियान तथा कार्यक्रमहरू सन्चालन गर्नु नै नेपालको खाद्य-सुरक्षा र चौतर्फी विकासको अंकुरणलाई टेवा दिनु हो भन्ने कुरामा सायद दुईमत नहोला। त्यसैले नापाले नेपालमा कृषि-शैक्षिक प्रणालीमा रुपान्तरण र विद्यार्थीको क्षमता अभिवृद्धिकोलागि हातेमालोको पहल गरिरहेको छ। यसै सिलसिलामा नापाले नियमित रुपमा गहन सवालहरूका बैठक, गोष्ठी, सम्मेलनहरूको माध्यमबाट अनुभवहरूको आदानप्रदान गर्ने, कार्यपत्र-प्रस्तुति, निबन्ध तथा कविता प्रतियोगिताहरू गराउने, गाउँ-गाउँबाट कृषक समुदायका वेदना, संघर्ष र सफलताका कथाहरू सुन्ने, र विभिन्न तहका विद्यार्थीहरूका आवाज र जागरणको उचाइ बुझ्ने प्रक्रिया अपनाएको छ। विद्यार्थीहरूको अनुसन्धानात्मक क्षमताको विकास र कृषि क्षेत्रको ज्ञानको आधारलाई बिस्तार गर्न अनुसन्धानात्मक सूक्ष्म-परियोजना तथा परामर्श कार्यक्रम सन्चालन गरिएको छ। त्यस्तै सरकारी र गैर-सरकारी संस्थाहरूसँग आबद्ध विशेषज्ञहरूबाट नीतिगत र योजना कार्यान्वयनमा आइलाग्ने कठिनाइका पक्षहरू बुझेर नेपालको कृषि विकासमा टेवा पुर्याउन सकिने सवालहरूलाई प्राथमिकता दिंदैआएको छ ।

नापाले विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरूमा हाम्रो कृषि समुदाय र युवाहरूका भावना, सिप र कृषिप्रतिको जागरण ताजा गराउनकोलागि र तिनै जनशक्तिको आवाज समेट्नको लागि कृषि

कविता प्रतियोगितालाई एउटा प्रभावकारी माध्यमको रुपमा अँगाल्दै आएको छ । यसै सिलसिलामा हामीले हालसम्म हाम्रो नेपाली कृषि-चिन्तकहरू, कृषकहरू, युवाहरू र कृषिविज्ञहरूका आफ्ना मौलिक, मार्मिक, मर्मस्पर्शी र भावनात्मक विचारहरू कविता मार्फत पोखिएर आएको हेर्न, सुन्न र धेरै कविताहरूको संकलन गर्ने मौका पाएका छौँ । हाम्रो संकलनमा आएका कृषि कविताहरूको विश्लेषण गरेर हेर्दा कवि-कवयत्रीहरूको कृषिप्रतिको भावनात्मक आह्वान सुनिन्छ र कृषकप्रति श्रद्धा र मायाममताको चित्रण देखिन्छ। हामी नेपाली हाम्रो कृषि विकास र उन्नतिको भावनामा कति धनी रहेछौँ भन्ने कुरा यी तमाम सिर्जनात्मक र भावनात्मक अभिव्यक्तिहरूले छर्लङ्ग बनाउँछन् ।

यसरी छताछुल्ल भएर छचल्किएका भावनात्मक कोसेलीहरू सबै कृषि समुदायकालागि प्रभावशाली सन्देश हुने विश्वासले त्यस्ता कृतिहरूको जगेर्ना गर्ने जमर्कोका साथ यो संकलन पुस्तिकाको सुरुवात गरिएको हो । कृषिका सुसेलीहरू पस्किएको यो कविता-संग्रहमा प्रस्तुत धेरै जसो कृतिहरू भर्खरै गएको सेप्टेम्बर २०२० मा सम्पन्न नापा द्विवार्षिक अन्तरास्ट्रिय वैज्ञानिक सम्मेलनको प्रसङ्गमा सन्चालित कविता गोष्ठीमा वाचन गरिएका कविताहरू हुन् भने केही नापाको पाचौं जन्मोत्सव वार्षिकी २०२१ र यो भन्दा पहिलेका कार्यक्रमहरूमा वाचित सिर्जनाहरू छन् ।

नापा द्विवार्षिक अन्तराष्ट्रिय वैज्ञानिक सम्मेलन २०२० का कविता मूल्यांकन समिति सदस्यहरू मनोज कार्की, बुद्धि ज्ञवाली, अम्बिका अधिकारी तिवारी, र नित्यानन्द खनाललाई हृदय देखि नै धन्यबाद टक्र्याउन चाहन्छौं। आकर्षक आवरण पृष्ठ डिजाइन गरी यो कविता संग्रहलाई सिँगारीदिनु हुने प्रमोद पोख्रेललाई पनि धेरै धन्याबाद। कृषि-कवितालाई नापाको प्रभावकारी माध्यमको रुपमा अनवरत नापा कार्यक्रमहरूको अभिन्न अंगको रुपमा प्रोत्साहन गर्नुहुने नापा-संस्थापक अध्यक्ष लिला बहादुर कार्कीलाई विशेष धन्यवाद ज्ञापन गर्दछौं। यो कृषि सुसेली संग्रहको प्रकाशनमा प्रोत्साहन तथा सम्पादनको अवसर दिनुहुने नापा वर्तमान अध्यक्ष मेघनाथ पराजुली तथा कार्यकारी समितिका सम्पूर्ण सदस्यहरूलाई सधन्यवाद आभार प्रकट गर्दछौँ ।

कविता संकलनमा सहयोग पुऱ्याउनु हुने सबै सर्जकहरू, कविता रचनामा प्रोत्साहन दिनुहुने अग्रज अविभावकजनहरू, सम्पूर्ण श्रोताहरू, सम्मेलनका सम्पूर्ण सदस्यहरू, नापा कार्यकारी समिति, सम्पूर्ण नापा सदस्यहरू, कविता प्रतियोगिताका लागि पुरस्कार प्रायोजकहरू, स्वयंसेवकहरू र सम्पूर्ण नापाप्रेमी दाजुभाइ दिदीबहिनीहरू सबैमा हृदयदेखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौँ । यहाँहरू सबैको रचनात्मक सल्लाह र सुझावको अपेक्षा गर्दै अन्जानवश त्रुटिहरू भएका भए भविष्यमा सुधार गर्दै अझ राम्रा, स्तरीय र ज्ञानमूलक प्रस्तुतिहरू लिएर आउने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

- **सम्पादक समिति**

# विषय-सूची


| | |
|---|---|
| प्रकाशकीय | ३ |
| सम्पादकीय | ४ |
| विषय-सूची | ६ |
| १. नापाको सफलताको शुभकामना | ८ |
| २. नापालाई पहिलो शुभसन्देश | ९ |
| ३. हलो जोत्ने जनक | १० |
| ४. कृषिमा समृद्धि | ११ |
| ५. किनकि बा म कृषि पढ्छु | १२ |
| ६. म किसानको बिरुवा | १३ |
| ७. माटोको गीत | १४ |
| ८. माटोको मर्म | १५ |
| ९. भैसक्यो ढिलै | १६ |
| १०. रित्तो | १७ |
| ११. आत्मनिर्भरता: आजको आवश्यकता | १८ |
| १२. किसान बन्छु म | १९ |
| १३. किसान | २० |
| १४. किसान, जीवन र जगत | २२ |
| १५. कृषि, जीवन र जगत | २३ |
| १६. म किसान | २४ |
| १७. माटो,भू-क्षय र हाम्रो भविष्य | २५ |
| १८. बिर्सिएको कृषिको कथा | २६ |
| १९. मीठो माल्भोगको गाथा | २७ |
| २०. ए गरीब निमुखा! | २८ |
| २१. नेपालमै  केही गर्नेछु | २९ |
| २२. कृषि कविता | ३० |
| २३. लाएर फल्दैन के | ३१ |
| २४. म मकैचरी हुँ | ३२ |
| २५. म कृषक मात्र होइन | ३३ |
| २६. कृषि मेरो पेशा | ३४ |
| २७. किसान दाइ | ३५ |
| २८. नापालाई जन्मदिनको शुभकामना | ३६ |
| २९. कृषि | ३७ |
| ३०. सिरनारे कान्छा बाको चिन्ता | ३८ |
| ३१. नयाँ नेपालको उन्नति | ३९ |
| ३२. के साइँला साइँलीको जीवन बदलियो? | ४० |
| ३३. माटोको सिपाही | ४१ |

३४. ऊ पहेँलो सुन फलाउने पागल ४२
३५. किसानी बाल्यकालका स्मृतिहरू ४३
३६. किसान! ४४
३७. कृषि नविकरण ४६
३८. कृषि विकास र महिला ४७
३९. ऊ कृषक ४८
४०. कृषि र समृद्धि ४९
४१. किसान र कृषि क्रान्ति ५०
४२. माटो ५१
४३. नापा वैज्ञानिक सम्मेलन संस्कृतिको नि भो सङ्गम ५२
४४. किसान ५३
४५. कोरोनाको बादलभित्र कृषि ५५
४६. उखु किसान ५६
४७. विद्वानको कृषि ५७
४८. किसान ५८
४९. हाम्रो कृषि र अबको बाटो ५९
५०. रामलखनहरू अझै पनि खेत जोतिरहन्छन् ६०
५१. कस्तो कृषि विकास हो यो? ६१
५२. धर्तीको किसान ६२
५३. प्रश्न कृषिको ६३
५४. म किसान भएकोले ६४
५५. किसान ६५
५६. हरियाली भरौं ६६
५७. युवावर्गहरूलाई कृषि प्रधान देशको आग्रह ६७
५८. ओहो हाम्रो कृषि क्षेत्र ६८
५९. खाद्य अभाव कि विभेद ७०
६०. प्रतिविम्बित जीवनमा कृषि ७१
६१. कृषि नै नेपालको उन्नति ७२
६२. नापा ७३
६३. नापा र कृषिमा रूपान्तरण ७४
६४. डुल्दै हिड्ने चरी ७५
६५. महिला कृषि विज्ञ र ‘वाप’ ७६
६६. हाम्रो त घरको मुसाले ७७
६७. कृषि र संस्कृति ७८
६८. अनपेक्षित कृषि विचलित परिवेश ८०
६९. नापा तिमी ८१
अनुसूची १ः समालोचना ८२

# १. नापाको सफलताको शुभकामना



**रामजी घिमिरे**

**मिशिगन, अमेरिका**

पाँच वर्ष अघि रोपेको यो बिरुवामा, हाँगाबिँगा अनि पालुवा पलाएका छन्
चिल्ला हराभरा पातहरूसँगै कोपिला टुसाएका छन्
उचाइ बढेको छ, बढेको छ प्रभाव क्षेत्र पनि
जराहरू फैलिएका छन् मजबुत जग बनी
यसको सञ्जाल फैलँदै जाओस् पूरा संसार भरि
कार्यक्रमहरू फैलिउन् सबैलाई समेट्ने गरी

कृषि उत्पादकत्व बढाउँदै दिगो विकास गर्ने लक्ष्य लिएको छ
सदस्यहरूको साथ अनि सद्भाव पाएको छ
शिक्षा, अनुसन्धान अनि प्रसार यसका मुख्य अङ्ग हुन्
सल्लाहकार परिषद आर.सि.वि.सि. लगायत यसका १३ कमिटी छन्

एग्रिकनेक्सन, जिज्यास, रिसर्च र पोलिसी ब्रिफ यसका प्रकाशनहरू हुन्
यी प्रकाशनहरूमा महत्वपूर्ण सूचना र ज्ञान समेटिएका छन्
नापा नेपाल र नेपालीको आशा र भरोसा बन्दै गएको छ
आफ्नै कार्यालय र कर्मचारी राखी सेवा दिने योजना बनाउँदैछ

विज्ञहरूको परामर्श दिने केन्द्र बन्दै गएको छ
दिगो कृषि विकासको लक्ष्य प्राप्त हुने आशा जागेको छ
सबै महिला, पुरुष, जनजाति, वर्ग र पेशालाई समेट्ने
नयाँ मुद्धा तथा एजेण्डामा बहस गरी सरसल्लाह दिने

विद्यार्थी, शिक्षक, कृषक एवं उद्यमीको छहारी बनोस् नापा
दिगो कृषि विकासको बनोस् आशा र भरोसा
दिगो रहोस् नापा अनि दिगो रहोस् यसको सेवा
अझै लोकप्रिय बनोस् नापा दिँदै सेवा र टेवा

विचार र सुझावहरू माथि छलफल मन्थन गर्दै
पारदर्शिता र नविनतालाई मूल मन्त्र मान्दै
जय नापा, जय यसका सदस्य अनि सरोरकारवालाहरू
झनै ठूलो धन्यवादको पात्र हुन् यसका स्वयंसेवकहरू

बढ्दै जाओस् यसको लोकप्रियता अनि प्रतिष्ठा
बढ्दै जाओस् यसलाई सहयोग, सहयोगी मनहरूबाट

*****

# २. नापालाई पहिलो शुभसन्देश



**अम्बिका अधिकारी तिवारी**

**मिसिसिपी स्टेट युनिभर्सिटी**
**मिसिसिपी, अमेरिका**

दुई वर्षको अथक प्रयास थियो
तिमीलाई जन्माउने बाचा थियो!
सजिलैसँग त तिमी आईनौ
किन हो कुन्नी विश्वास गरिनौ कि?

त्यो खुशीको दिन, लेबर डे २०१५ को थियो
रुँदै हैन, उत्साह अनि खुशीले हाँस्दै, धन्य! तिमी जन्मियौ!
१२-१५ जना सुसारे थियौं, तिमीलाई काखमा लिने
सयौं उद्देश्य लिएर हामीले बाचा गर्यौं, तिम्रो लक्ष्यलाई शिखरमा पुऱ्याउने!
तिम्रो धेरै माया छ प्रिय! तिमीले सगरमाथा छोएको हेर्नुछ
हाम्रो ठूलो विश्वास छ प्रिय, कृषिको ब्यथा पुछिएको हेर्नुछ!
तिम्रो भित्री ज्ञानको भण्डार, नेपाललाई बाँडेको सुन्नुछ
तिम्रो उन्नतिको खबरले, हाम्रो सफलता बुन्नुछ!

सानो बच्चा सोचेका थियौं, तुफान बन्यौ तिमी
यति चाँडै हुर्कियौ आहा! जवान बन्यौ तिमी!
कति चाँडै मुना पलायौ, कति फूल फुलायौ
तितर बितर छरिएका हामी सबैलाई, एउटै छानोभित्र बसायौ!

महान छौ नापा तिमी, हाम्रो धेरै आशा र विश्वास छ
तिम्रो जस्तै प्रवेग बोक्ने, साथीको तिम्लाई खाँचो छ!
नरोक तिम्रो लक्ष्यको रफ्तार, खोज योद्धा तिमी जस्तै
उठाउ कृषिको स्तर नेपालमा, पुर्याउ समृद्धि तिम्रो जस्तै!

बीउ तिम्रो नेपालकै हो, जहाँ जन्म भएपनि
बल र बुद्धि बढाऊ तिमी, जहाँ कहीं रहे पनि!
सधैँ सिपको खाँचो छ है, फिँजाऊ ज्ञान संसारभरि
देशको खम्बा कृषिनै हो है, तिमी बन्नु देशको परी!

*****

# ३. हलो जोत्ने जनक



**अस्मिता भुसाल**

**त्रिभुवन विश्वविद्यालय, रामपुर क्याम्पस**
**चितवन, नेपाल**

गाउँको कच्ची बाटो
छेउका हरिया फाँट
गर्भमा फूल बोकेर मोटाएका धानका गाँज
अनि बतासले ल्याएको तिनकै मीठो सुगन्ध
कोही टोलाउँदै छ धानका गाँज हेर्दै।
सायद बुन्दैछ हरिया सपना
जहाँ जिन्दगी यसरी नै गाँजिएको होस्।
अथवा सम्झाउँदै छ,
हरेक गाँजसँग आफूले गरेका सम्झौता,

छोरालाई पाइन्ट, छोरीको जामा
श्रीमतीको धोती, साहुको ऋण...
घरको छाना,
लामो सुस्केरा,
संवादको समापन घण्टी।

गाउँको समृद्धि चाहार्दै घर पुग्छ,
जहाँ समृद्धि आँखा हैन ढाड फर्काएर बस्छ।
त्यही घाम हो, उसलाई खेत जोत्दा पोल्ने,
तर उसको होचो झुपडीमा कहिल्यै छिर्न मानेन
त्यही पानी हो, धान रोप्दा खडेरीसँग भागेको,
तर उसको अगेना रुझाउन कहिल्यै बिराउँदैन

उसले चारो भित्र्याइसक्दा छानो रहन्न,
छानो भित्र्याउन फेरि चारो रहन्न।

हलो जोत्ने जनककी
धर्ती फोरेर निस्केकी
कैयौं सीताहरू

"दहेज" दिन नसकेपछि
छिमेकका "रावण"लाई स्वयंवरमा वरण गर्छन्
र, जल्छिन् सतीझैं

कुनै दिन
लक्ष्मण मूर्छित हुँदा
उड्दै आएका थिए पवनपुत्र हनुमान
मेरै पाखाको मृतसञ्जीवनी खोज्न

कुनै दिन,
सभ्यताको राम मूर्छित भए भने
खेत मासेर बनाइएको कुन घरको
छतमा उम्रेको मृतसञ्जीवनीले
राम बचाउला?

हामीले दिएको अन्न खाने इन्द्रलाई नपुज
हामीलाई अन्न खान दिने गोवर्धनलाई पुज भन्ने
हे वंशीधारी कृष्ण

यी गरागरामा कथा लेख्ने कोदालाहरू
कंसलाई कारागारमा राखेर
आफै सिंहासनमा चढ्न् भन्ने लाग्छ?
कि आफै लिई आउँछौ
कल्की अवतार
हलो जोत्ने जनकहरूको इज्जत र
सीताहरूको जीवन बचाउन

*****

# ४. कृषिमा समृद्धि

**(शार्दुलविक्रिडित छन्द)**



**गरिमा उपाध्याय**

**अक्सफोर्ड सेकेण्डरी स्कूल**
**बुटवल, नेपाल**

माटाको, जलको र मेल मलको भूगोल नेपालको |
खोज्दै जाउ जडीबुटी छ देशमा मोती यहाँ फल्ने भो ||
मेवा, आँप, अनाज, मासु घरमा स्वादिष्ट त्यो गोरस |
खोजी गर्नु सधैँ नयाँ प्रविधिको स्वाधीनतामा बस ||

गर्दैछौँ कृषि क्रान्ति फुल्छ धरणी नेपालको उन्नति |
कोदो, धान, मकै फले फल यहीँ माछा र मौरी पनि ||
खेतीको अनुदानले त गरिबी हट्दै छ यो देशमा |
आफ्नै कर्म र सीपले अघि बढौं रम्नु छ यै भेषमा ||

यो उत्पादन बढ्छ रे हरघडी गर्दै गए उद्यम |
पैठारी अब घट्छ रे हरघडी पाखा र बेसी खन||
माटो उर्वर यो सुंघौ कहरले दुखी हुँदैनौं कतै |
आफ्नै कर्म र सीपले अघि बढौं फर्केर आऊ यतै ||

सानो काम नठान खेत पशुको गर्दै गरौँ उद्यम |
आफ्नै बाहु र पाउले अघि बढौं पूरा गरौँ योजना ||
माछा, मासु, चिया, अलैंची, अदुवा आफैं बनौँ मालिक |
बीऊ, बीजन, गोठ उन्नत भए पैसा यहीँ फल्दछ ||

पाखा यी हरिया पहाड वनका उद्योग धन्दा गरौँ |
बेंसी, लेक घुमी घुमी प्रविधिको विस्तार आफैं गरौँ ||
आस्थाका सपना बुनौं अब सधैँ पर्दैन प्रवासिन |
बन्दै जाउँ न व्यावसायिक सबै पर्दैन हामी रून ||

नारा मात्र जपेर हुन्न अब खै लागू गरौँ वीरता |
धर्तीमा सुन फल्न सक्छ सहजै टाढै रहोस् भ्रष्टता ||
आफ्नै देश बनाउने विधि बनोस् साझा रहोस् भावना |
बाँझा खेत कतै नराख जनले समृद्धिको कामना ||

*****

# ५. किनकि बा म कृषि पढ्छु



**विवश रोकाया**
**नेपाल**

म एन्. जी. ओ., आइ. एन्. जि. ओ.का जागिर खोज्नेछु
सी. टि. इ. भि. टि. अनि कलेज नि धाउनेछु
जी. आर्. इ. अनि आइ. इ. एल्. टि. एस्. त गर्नै पर्‍यो
अँ साँच्चै, एकपटक त लोकसेवा नि दिन्छु,
किनकि बा म कृषि पढ्छु

म कृषि क्रान्तिका कुरा गर्छु
तिमी धान फलाएर बोरा भर्छौ,
म बाको खेतको वकालत गर्छु,
तिमी खेतको आलीमा पनि मास रोप्छौ
किनकि बा म कृषि पढ्छु

फापर अनि कागुनो चिन्दिनँ,
तोरी र कोदो छुट्याउँदिनँ,
तर मलाई के थाहा छ भने,
तिनको संरक्षण गर्न पर्छ
यसैको नाममा प्रपोजल लेखेर
आधा रकम झ्याम पार्न पर्छ,
म त यसरी नै अगाडि बढ्छु,
किनकि बा म कृषि पढ्छु

मेरा अग्रजहरू कोही युरोप, अनि अमेरिका पुगेका छन्,
कार अनि पि. आर्. छ, उतै जमेका छन्
अनि सोँच्छु, कृषि गर्न मैले कृषि कहाँ पढेको हो र?
नत्र बा र ममा के नै फरक भो र?
म अब विदेश तिरै जान्छु
किनकि बा म पनि त कृषि पढ्छु

*****

# ६. म किसानको बिरुवा



**देबेन्द्र पौडेल**

**पेन्सेल्भेनिया स्टेट कलेज
अमेरिका**

खुला आकाश मुनि
मलाई रोप, लगाऊ, अडिने आधार देऊ
जहाँ म
बिहानीको शीतको थोपासँगै
न्यानो घामको आभा महसुस गर्न सकूँ
मलाई त्यो असाध्यै मनपर्छ
त्यो न्यानोपनलाई अँगालेर
सिरिसिरी आउने हावाको झोक्का सहँदै
तिम्रोलागि
अग्लिएर माथिमाथि जानेछु
सफलताको शिखर चुम्दै

मलाई डाँडामा, पाखामा, बगरमा, आलीमा,
घोलमा,
समथर मैदानमा सजाऊ
प्रकृतिको कठोर बेगसँगै
निहुरिदै, ठडिदै र लहरिएर रमाउदै
तिम्रालागि
हातहरू फिँजाउनेछु
मलाई त्यो असाध्यै मनपर्छ
मडारिंदै गर्जिंदै ठोकिने
सेता र काला बादलका धर्साहरू

जसले,
गडगडाउँदै बग्ने खहरे र झरनाहरू
नहर, कुलो र नदीको आगमन गराउँछन्
अधोमुखी मेरा जराहरू सिञ्चित गर्छन्
मलाई त्यो असाध्यै मनपर्छ
थोपाथोपालाई सँगालेर
तिम्रो लागि
मीठा परिकार बनाउने छु

माटो र पानीको काहानी बनेकी
मेरी धर्ती आमा
जसले मलाई राखेकी छिन् काखमा
आफ्नो बच्चासरि
मलाई ती आमा असाध्यै मनपर्छ
ती आमाको काखलाई
जीवाणु, गड्यौला र मलले सिञ्चित गर
मानवीय र मानवेतर प्राणीको पोषण गर्न
म आहारको निर्माण गर्नेछु

हे किसान
तिमी हात देऊ मलाई
म तिमीलाई बाँच्ने आधार दिनेछु
माया देऊ अनि मायानै लैजाऊ बदलामा
तिमीले खियाएका नङ्ग्राको, पसिनाको
कर्मठ ती हातहरूको
अनिद्रा अनि भोक र प्यासको
म अवश्य ऋण तिर्नेछु
कर्मका साथ सहकार्य गर्नेहरू
आहार नपाएर मरेको इतिहास छैन
कृषिक्रान्तिको झण्डा फहराउँदै, बिगुल बजाउँदै
सारा विश्वसामु
म तिमी हुनुको सार्थकता देखाउने छु

*****

# ७. माटोको गीत



**बेद प्रसाद खतिवडा**

**ब्रिस्बेन, अस्ट्रेलिया**

लेखिएनन् गीत “माटो” हरूको
गाउँबस्ती जोड्ने ती “बाटो” हरूको

बिहानै उठी हल गोरुसँगै, हलो र जुवा काँधैमा बोकी
सिंचेर धर्ती, पसिना धारा, सपना स्वर्णिम, आँखैमा बोकी

साँझमा थकाइ एक भारी तनमा
सकियो रोपाईं हर्ष छ मनमा

लेखिन्नन् गीत यी “पाटो” हरूको
गाउँबस्ती जोड्ने ती बाटोहरूको

मल बीउको जोगाड कसरी गर्ने? खर्च छ धेरै आम्दानी थोरै
खेताला हली कहाँबाट भर्ने? बेचियो बाख्रा रित्तियो खोरै

किसानको पीडा सबैको हेला
को सुन्ला पीडा यी “लाटो” हरूको?
लेखिन्नन् गीत यी माटो हरूको

सलह आउँछ आकाशै ढाकी, पहिरो र भेल सधैँको डर
फौजी किराले राखेन बाँकी, पानीकालागि आकाश कै भर

दर्द छ चोट छ नचलाऊ धेरै
को मलम लाउला यी “खाटो“ हरूको ?
लेखिएनन् गीत “माटो” हरूको

*****

# ८. माटोको मर्म



**गणेश बेल्बासे**

**त्रिभुवन विश्वविद्यालय, रामपुर क्याम्पस**
**चितवन, नेपाल**

यही माटोमा फुल्छन् युगीन सपनाहरू
भोक मेटाउने समृद्ध पलहरू
माटोले लेखेका जीवनहरू
माटो खाएर भविष्य कोर्छन्
माटोमै हराभरा भएर
माटोमै बिलाउँछन्
त्यसैले माटो युगीन सपनाहरूको धरातल हो

कोमलता र कठोरताको संघर्षमा
धर्ती चढाएर राख्छ माटो
शीतको थोपा आँसु
सम्हालेर हरित च्यादर ओढाउँछ माटो
आँधीबेहेरी सहेर शीतलताको छहारीमा
फोक्सोको बैंसहरू सिँगार्छ माटो
त्यसैले माटो आयु बचाउने भेन्टिलेटर हो

यौवनका फूलहरू फुलाउँदै
अन्नका परिच्छेदहरूसँग प्रेम साट्छ माटो
ऋतुहरूसँग बयेली खेल्दै
मुर्झाएको मुहारसँग
गुराँस- सयपत्रीले अङ्कमाल गर्छ माटो

धान मकै कोदोसँग माया बेर्दै
अनाजले सुकेका आँतहरू भर्छ माटो
त्यसैले माटो अन्न दाता हो

हाम्रा पसिनाहरूले सिंचेर
लहलहाँउदो सुन उमार्छ माटो
गरिबीलाई निमोठ्दै भोकमरी पचाउँछ
भोक जगाउँछ, उन्माद घटाउँछ
यसैले माटो स्वाभिमान हो, गाँस-बास-कपास हो
कर्मको एक्सिलेरेटरहरू थिचेर
बुद्धिको ज्ञान मिसाउँदै
बाँझा-चोकहरूमा
हिमालको पानीले श्रमको खेती
ब्युताउँछ माटो
सजीव-निर्जीवलाई आश्रय दिएर
सबैको साझा-घर बनाउँछ
त्यसैले माटो ज्ञानलाई विज्ञान बनाउने
धर्तीको प्रयोगशाला हो ।
उन्माद-घमण्ड र लोभ भन्दा पर पर्छ माटो
आज-भोलि
कुराको खेती होइन, खेतीको कुरा गर्छ माटो
त्यसैले माटो हाम्रो साझा-इतिहास हो

मिनरलको मसी भरेर उजाड बगरहरूमा
हरिया कलमहरूले
सुनौला सपनाहरू कोर्दै
बाँस-अम्रिसो-सिसौहरूले
भू-क्षयको गर्व तुहाउँछ माटो
ब्यर्थै नबिगार भू-बनोट

माटोले-माटोकै सुगन्ध रुचाउँछ
भू-क्षयका जैविक-पर्खाल बनाउँछ ।

आकाशे पानीको भरमा रुखो खेतमा
हलोजुवाले हरियो क्रान्ति रोपेर
उम्रन्छ, बढ्छ र फल्छ माटो
पौरखी पाखुराले फलाई अन्न
चौरासी व्यंन्जनले पेटहरू भर्छ माटो
यसैले माटो,
किसानहरूको पसिनाको क्रान्ति हो
हाम्रा पाखुराहरूको क्रान्ति हो
हलाहरूको हरित क्रान्ति हो!!

*****

# ९. भैसक्यो ढिलै


**तारा सिलवाल**

**टोखा, काठमाडौँ**
**नेपाल**




बदलेको किन छैन हाम्रो समाज पाएर उर्वर भूमि
रातो दिन मन आत्तिइरहेछ कृषिको कुरा सुनी
किसानले किन भोग्नु पर्दछ यहाँ दु:खै दु:खको जुनी
बिचौलियाहरू हाँसिरहेछन्, किसान सधैँ रुनी

नेपालको भूमि राम्रो फल्छ यहाँ सुन,
कसैले नि नभुल है किसानको गुन।
बिहान चारै बजे उठी खेतमा पुग्छन् किसान
माथि बसी त्यही किसानलाई लगाउँछन् निशाना

केही सहुलियत पाएदेखि सुन हैन हिरा पनि फल्छ
मल-बिउको लाइनमा बस्दा-बस्दा सारा शरीर गल्छ ।
सुन्छ कस्ले हाम्रो पीडा दु:ख कस्ले देख्छ
मल-बिउ पानीले नै सधैँ हाम्रो बाटो छेक्छ ।

जीवन धान्न खानै पर्छ, घर भएर हुन्न,
अब हामीले छोड्नु पर्छ अरु ताना बुन्न,
कंक्रिट्को शहर भयो हाम्रो नेपाल देशमा,
गर्व गरी हिड्नु पर्छ किसानको भेषमा

कतै झुल्छ धान हेर कतै फलफूल,
आजैदेखि रुख रोपौँ नगरौँ है देर,
संसारमा किसान ठूलो किसानै हो देउता,
कृषिमा क्रान्ति ल्याउन अब जागौं नेपाली जनता

अरुको मुख ताक्न छाडी आफैमा भर परौं,
कृषिमा क्रान्ति ल्याउनलाई अर्गानिक खेती गरौं
विषादी होइन, जमीनमा गौ-मुत्र प्रयोग गरौं
तितेपाती, असुरो, निम प्रयोग गरी रोग-किरा नष्ट गरौं

घरको फोहोर-मैला जति कम्पोष्ट बिनमा राख्नु पर्छ,
बोटबिरुवालाई यसले ठूलो मलको काम गर्छ ।
वातावरण जोगाउँ हामी हातमा हात मिलाई
अब अघि बढ्नु पर्छ भैसक्यो ढिलै ।

*****

# १०. रित्तो



**मदन सुवेदी**

**कृषि तथा वन विज्ञान विश्वविद्यालय
नेपाल**

मूल फुट्थ्यो कुनै बेला
यो माटै भिजाउने गरी
अटुट, निरन्तर
बिहानदेखि साँझसम्म
पसिनाको ।

त्यही मूलमै बिसाउँथे
हलो,जुवा र कोदालो
डोकै भरिको मल
डालाभरिको बीउ
अनि मल र माटोसँग लत्पतिदै
दौडाउँथे आफैसँग
एक हल गोरु।

साह्रै आनन्द लाग्दथ्यो
खन्याउँदा आफ्नो सबै
यही माटोमा।

सित्तैमा त कहाँ लिन्थ्यो र माटोले पनि?
दिन्थ्यो वर्षैपिच्छे
हाम्रो प्राण भरिएको भकारी
अनि भकारीसङ्गै
स्वाभिमानी शिर
मुस्कान भरिएको ओठ
अघाएको जिउ
अनि त्यही जिउमा मीठो निन्द्रा।

त्यति मात्र हो र?
आमालाई तिलहरी
भाइलाई स्कूल
ठूली दिदीको बिहे
सबै गरिदियो त्यही माटोले।

आज,
खोइ के भयो?
समयले हो कि?
जवानीले हो कि?
या बुझ्ने पो भएछु कि?
अरुको हेर्दा-हेर्दै
कताबाट पलाएछ लाज?
कता बिलाएछ मेरो जाँगर?
उठाउन मान्दैनन् हातहरू
हलो, जुवा र कोदालो।

नाक निको मान्दैन
मल, माटो र पसिनाको गन्ध।
रित्तियो पसिनाको मूल
मूल बिना के काम त्यो हलको?
रित्तियो भकारो
सँगै रित्तियो भकारी
रित्तै छ बारी पनि
बाँझो, बिरानो, एक्लो।

वर्षैपिच्छे प्राण उमार्थ्यो खेतले
तर आज
सकेन उमार्न मेरा सपना
यसैले रित्तै छ खेत पनि।
त्यही रित्तोमा बसी
आँखा रित्याउँदै
सोच्दै छु म
"आखिर किन रित्तो छ मेरो पासपोर्ट?
कहिले लाग्ला भिषा?"

*****

# ११. आत्मनिर्भरता: आजको आवश्यकता



**युशिका सुवेदी**

**कृषि तथा पशुविज्ञान अध्ययन संस्थान**
**त्रिभुवन विश्वविद्यालय, नेपाल**

सँसारै आज उद्यम बिना उज्यालो कहाँ छ?
विविध उद्योग जति भए नि कृषि नै चाहिन्छ
भोको पेटले न विकास हुन्छ न देशको रक्षा नै
कृषिप्रधान यो देशमा आज खाद्यान्न चाहिँ खोइ?

भौतिक विकास, विलासिता पछिका कुरा हुन्
सर्वश्रेष्ठ प्राणीकोलागि त खाद्यान्न नै प्राण हुन्
बुझ है शासक, नेता र जनता कृषिको महत्त्व
प्रयास गरौँ है सम्पन्न हुन कृषिको क्रान्तित्व!

देशकै माटोमा पसिना बगाई गरौँ है उन्नति
परनिर्भरताको अन्त्य गर्नलाई गरौँ है प्रगति
आत्मनिर्भर भई बाँच्ने उपाय कृषि मात्रै हो
बेरोजगारी र गरिबी हटाउने माध्यम नै कृषि हो!

देश रुग्ण छ, उद्योग छैन आयातमा निर्भर छौँ
वर्षेनी खरबौँको खाद्यान्न किनी हामी बाँच्याछौँ
काम खोज्न विदेश जानेको लर्को दिनहुँ बढ्याछ
आफ्नै देशको हरिया डाँडा गैरी खेत बाँझो छ!

सजिलो छैन विदेशमा पनि हेर भाइ काम पाउन
रुवाउँदै युवा आउँछ बाकस लिएर त्यो ज्यान
ढिलो भैसक्यो रित्तियो देश धन जान्छ विदेशमा
युवाको जाँगर जवानी रगत खेर गो खाडीमा!

खन है जन पसिना बगाई यही मातृभूमिमा
नजाऊ विदेश गरे के हुन्न यही देशमा छ टन्न
देशलाई हुन्छ सन्ततिलाई नि नजाऊ है अब त
खाद्यान्न फलाउँ निर्यात बढाउँ अनि पो हुन्छ त!
परनिर्भरता नै मुख्य समस्या हो!
कृषिउत्पादन नै हाम्रो समाधान हो!

*****

# १२. किसान बन्छु म

**सवनम अर्याल**

**प्राकृतिक श्रोत व्यवस्थापन कलेज**
**सिन्धुली, नेपाल**



म त किसानको छोरी कृषि पेशा रमाइलो
स्वाबलम्वी बनी खान्छु शुद्ध आफ्नो कमाइको
किसान सृष्टिकर्ता हुन् सारा मानव पालक
यिनैले हेपिनुपर्ने देशमा यो अचम्म छ

राजा मन्त्री ठूला मान्छे प्राविधिक अनि डाक्टर
यिनकै श्रम भान्सामा नपुगेको कहाँ छ र
माछा, मासु, दही, दूध, फलफूल, चिया, चिनी
किसानैबाट मिल्ने हो जहाँबाट किने पनि

सादा जीवन छ यिनको विचार अति उच्च छ
पौरखी पाखुरा यिनको चित्त चै अति शुद्ध छ
ताजा चिज सधैँ खान्छन् फूर्तिला छन् सधैँभरि
सक्दैन रोगले हेप्न किसानलाई केही गरी

कुटो करौँती कोदालो खुर्पेटो हँसिया हलो
लिएर खेतमा खट्छन् योग ब्यायाम यहीभयो
अदुवा, तुलसी, बेसार बारीमा नै फलाउँछन्
किसान वैद्य हुन् हाम्रा कोरोना नै भगाउँछन्

उपकारी कृषि पेशा यो जस्तो छैन केही पनि
कृषि पढ्छु कृषि गर्छु रम्छु यसमै जुनीजुनी।।

जय देश जय कृषि ।

*****

# १३. किसान

**वसन्त भट्टराई**



**कृषि तथा वन विश्वविद्यालय**
**रामपुर, चितवन, नेपाल**

डाँडाको पिपलबोटमा
एक्लै घोत्लिरहेछु आज म
खोइ किन हो
अनौठो लागिरहेछ
वरिपरिको परिदृश्य,
सोच्दा सोच्दै
त्यहाँबाट देखिने दृश्यहरूले
टाङ्दिन्छन् विस्मयादिबोधकको टालो
मेरो आँखै अगाडि
वर्षौंदेखि उजाडिए झैँ लाग्ने
खोलाखेतका फाँटहरू
पटपट फुटेका
टारी खेतका गराहरू
जगतमाराले छपक्कै छोपेका
भदौरे पाखाका बारीपाटा
सालका रुखले झपक्कै ढाकेको
ठूलीटारको आँप बगैंचा
कतै सपना त होइन?
अविश्वासको कुतकुतिले
अधीर भएका मेरा पाइला
अधिक गतिमा अघि बढ्छन्
गाउँतिर ।।

हठात सामुन्ने पर्छन्
कलेटी परेका आँखा लिएर
दर्जी माइला
सुकेनास लागेजस्तो
करङ् देखाएर
दैलोमा बेसाहारा लडेका
भूर्डें मुखिया
कतै मेरा नजरहरूले
धोका खाइरहेका त छैनन्?

घरको आँगनबाटै सुन्छु
बाँ.... बाँ.... को करुण चित्कार
कटेराभित्र

हाड्छाला मात्र बाँकी रहेकी
राती गाई
दाम्लोमै बेरिएर उत्तानो लम्पसार परेको
घोर्ले बाख्रो
आखिर के भैरहेछ
त्रास र आश्चर्यको
लठ्ठामा समाई
पिङ् खेलिरहेछु म ।

घरभित्र
छिँडीभरि लाटा कमिलाको दूलो
माकुरा जालोले जेलिएको गोलेचूलो
मुसाको बिष्टाले भरिएको ठूलो भकारी
अहो!
भए दिक्दारी करुणा
भूकम्प सुनामी ज्वालामुखी झैँ
तल्लिन छन् मेरो अन्तर्मनको
विश्व ध्वस्त पार्न ।।

मन बहलाउन
खोलेको इन्टरनेटमा
बज्न थाल्छन्
नोटिफिकेसनका घन्टी
निरन्तर टङ् टङ् टङ्.....
अमेरिकी राष्ट्रपतिको भोकमरीको कारण मृत्यु
अफ्रिकामा खानाको अभावमा दैनिक
दश हजारको मृत्यु
मानवसभ्यता स्वयं मृत्युशैय्या - ब्रेकिङ न्यूज ।।
सत्य असत्यको अन्तर्द्वन्दमा
सुनसान दिन अनि शून्य समयमा
थुनिएको बिचरा म ।।।

झल्यास्स भएँ
पसिनाले छपक्कै भएको आँत
निष्पट्ट अन्धकार
सुनसान रात
उफ् !
त्यो दिनभन्दा यही रात राम्रो
अज्ञात डरभन्दा ज्ञात डर नै प्यारो
साँच्चै भनौं भने
नर्कबाट सिधा स्वर्गमा अवतरित भएँ म ।।
एक्कासी स्वर्गश्रष्टाको बारेमा
तत्त्व खुलेझैं लाग्यो ।।।

एकाबिहानै डाँडाको उही
पिपलबोटतिर लक्षित भए पाइला
नजर पर्छन्
उग्राइरहेका गाईबाख्रा
धमाधम काममा लागेका गाउँले
निमेषमै पिपलबोट पुगेर
झट्ट नियालेँ
आहा!
हरियो मेहनतका डालीमा
सुनौलो ऐश्वर्य फलिरहेको
पसिनासागरको चरम गहिराइमा
सन्तुष्टिको मोती बलिरहेको
मनले उडान भर्न लाग्यो
अकारण आल्हादको चङ्गामा ।।

तब
त्यही साँघुरो गोरेटो हुँदै
सुकेको जिउ मैलो नङ् खस्रा हात
फुटेका कुर्कुच्चा
अनि अधरमा
दिवाकरी मुस्कान छरेर
काँधमा दिव्याश्त्र बोकी
एक ईश्वरीय आकृति
झर्दै थियो
एकछिन एकटक हेरेपछि
ओझेल पर्ने बेलामा
बाहुले सकेजति सम्मान उठाई
औँलाभरि अगाध आस्था ल्याई
ती महान आत्मालाई
अनन्य प्रणाम टक्र्याएँ ।।
बस्, म धन्य भएँ ।।।
ठ्याक्कै रिङ्गटोन बज्यो फोनमा
उठाएँ, बहिनी भन्दै थिई,
'कता गएको, झट्टै खाना खान आउनु ' ।।

*****

# १४. किसान, जीवन र जगत

**बिपिन सुबेदी**



**कृषि बिभाग**
**सुदूर-पश्चिम विश्वविद्यालय, नेपाल**

ढुङ्गा र माटोसँग लडिबुडी खेल्दै
उकाली ओरालीसँग संघर्ष गर्दै
बिचरा किसानहरू
आफ्नो श्रम गरिरहेका हुन्छन्

घाम र पानीको पर्वाह नगरी अनि
हावाहुरीबाट बिचलित नभई
बिचरा किसानहरू
आफ्नो नित्यकर्म गरिरहेका हुन्छन्
के दुःख के सुख केही मतलब नगरी
जीवनसँग संघर्ष गरिरहेका हुन्छन्
बिचरा किसानहरू त
केबल श्रम नै गरिरहेका हुन्छन्

हलो र जुवा काँधमा हाल्दै
हल गोरु अघिपछि लगाउँदै
के जाडो के गर्मी केही वास्ता नगरी
त केबल श्रम गरिरहेका हुन्छन्

गोरुहरूको अघिपछि हिंड्दै
उनीहरूलाई नै माया प्रेम गर्दै
दुःख र सुख उनीहरूसँगै साट्दै
अनि आफ्नो कथाब्यथा उनीहरूसँगै पोख्दै
बिचरा किसानहरू त
केबल श्रम नै गरिरहेका हुन्छन्

खेतबारीमा आफ्नो जीवन समर्पण गर्दै
अनि गाउँबेसी मेलापात गर्दै
छहारीमा थकाइ मेटाउँदै
बिचरा किसानहरू त
केबल श्रम गरिरहेकाहुन्छन्

आलीमा टुसुक्क बसी लामो सास फेर्दै
चिसो स्वच्छ सफा पानी घटघटी पिउँछन्
गह्रो कान्लासँग जीवन संघर्ष गर्दै
चाडपर्व हाँसो रोदन केही पर्वाह नगरी
आफ्नो श्रमको फलले भकारी भर्दै
बिचरा किसानहरू रमाइरहेका हुन्छन्

जब आकाश गडगडाएर पानी वर्षन्छ
तब किसानहरू खुशी हुन थाल्छन्
अनि आफ्नो बालीनाली सप्रने आशा गर्दै
सन्चो बिसन्चो केही पर्वाह नगरी
बिचरा किसानहरू श्रम गरिरहेका हुन्छन्

वर्षायामसँगै असार लाग्छ
अनि किसानहरू आ-आफ्नो खेतबारीमा पुग्छन्
हातमा हलो कोदाली समाउँदै
अनि रोपारहरू असारे भाकासँगै
बीउ रोपिरहेका हुन्छन्

बिचरा किसानहरू त केबल हिलो माटो पानीसँग
रमाइरहेका हुन्छन्
श्रममा नै आफ्नो जीवन ब्यतितगर्दै
ढुंगा माटो, गाउँबेसीसँग संघर्ष गर्दै
बिचरा किसानहरू त
केबल आफ्नो जीवन जिइरहेका हुन्छन्
केबल श्रम गरिरहेका हुन्छन्

*****

# १५. कृषि, जीवन र जगत



**अमिता कँडेल**

**प्राकृतिक श्रोत व्यवस्थापन कलेज**
**टिकापुर, कैलाली, नेपाल**

हिउँले माझिएर टल्किएका
हिमालका सेता दाँतहरू जस्तै
बारीका कान्लामा फुलेका काँसहरू
शिरमा सिउरिएर
फुलाउनुपर्छ अब जिन्दगीका कान्लाहरू

माटो नै जीवन हो
माटो नै जगत हो
आकाशको कालो बादल
रोप्नु पर्छ माटोमा

अनि फलाउनु पर्छ मनसुने झरी
लहलह झुलेका पसिनाका झरीहरू समेटेर
बाँध्नु पर्छ भकारीहरू
जब किसानले भकारी फुकाउँछन्
पोखिनुपर्छ पसिनाका झरीहरू मोती बनेर

समयले प्रहार गरिरहँदा
जमिन्दारहरू
लुक्ने क्वारेन्टाइन बनाइरहेका छन्
बाँझो जमीनमा बुर्कुसी मारेर
यिनीहरू हाँसिरहेका छन्
किसानका हलो र कोदालोहरू
निर्मम लकडाउनमा परेका छन्

जस्तो कि
हजारौं रोमहरू जलिरहेका छन्
अनि
लाखौं निरोहरू बाँसुरी बजारहेका छन्

अब,
उठ्नु पर्छ हलोधारीहरू
जुर्मुराउनु पर्छ कोदाला र आँसीहरू
फोर्नु पर्छ बाँझो जमीनहरू
सम्याउनु पर्छ ढिस्का र कान्लाहरू
सोझ्याउनु पर्छ कलकल बग्ने कुलोहरू

यो समय
फुलेर
माटोसँगै फल्ने समय हो
माटोमै मलिलो बनेर
माटोकै सुगन्ध लिने बेला हो

नियतिहरूको नियत
चाहे जे सुकै होस्
माटोको नियत सधैँ जीवनको रक्षा गर्ने हुन्छ
माटो भन्दा पर
न जीवन छ, न त जगत छ
ओ मान्छेहरू हो
आऊ माटोको पूजा गरौँ।

*****

# १६. म किसान




**संजय कुमार पण्डित**

**कृषि ज्ञान केन्द्र**
**दिक्तेल, खोटाङ, नेपाल**


म एउटा किसानको छोरा ।
खेती गर्नु मेरो कर्म हो ।।

माटोमा आफ्नो भविष्य खोज्छु ।
पसिनाको अर्थ बुझ्नु मेरो धर्म हो ।।

कृषिमा पाखुरी लिएर ।
बन्छु एउटा कर्मयोगी किसान ।।

कृषिमा भविष्य बनाएर ।
चिनाउँछु म आफ्नो पहिचान ।।

सूर्यको चर्को यो घाममा ।
शरीरबाट पसिना निस्के पनि ।।

वर्षायामको मौसममा ।
पानी र चिसो जति परे पनि ।।

जीवनमा दु:ख, कष्ट जति आए पनि ।
आफ्नो काम गरेरै छाड्छु ।।

कृषि क्षेत्रमा क्रान्ति ल्याएर ।
आफ्नो पहिचान बनाएरै छाड्छु ।।

भर कसैमाथि पर्नु हुँदैन ।
आफ्नो काम आफै गर्नुपर्छ ।।

डाहा, ईर्ष्या कसैलाई गर्नु हुँदैन ।
कुटनीतिले घर, समाज र देश बिगार्छन् ।।

अप्ठ्यारो जति आए पनि ।
हरेस खाँदिन म किसान ।।

चुनौति जीवनमा जति आए पनि ।
कर्मको बाटो छाड्दिन म ।।

बिदेशको सपना नदेखि ।
देशमै भविष्यको विपना सजाउँछु ।।

कृषिको बाटो अपनाएर म ।
देशमै आफ्नो पहिचान बनाउँछु ।।

*****

# १७. माटो,भू-क्षय र हाम्रो भविष्य



**स्वदेश रिजाल**

**कृषि तथा वन विश्वविद्यालय**
**रामपुर, चितवन, नेपाल**

आफ्नो अलग पहिचान, स्वाभिमानको सुगन्ध बोकेर
जैविक विविधताको आधारशिला निर्माणार्थ
सदैव, तिमी, म अनि हाम्रो अस्तित्व रक्षार्थ समर्पित छ
यो माटो।

मानव सभ्यताको विकासक्रमको साक्षी हुँदै
किसानको साथ हातेमालो गर्दै
सुन, हीरा, कोहिनुर फलाइरहेछ।
रातो, कालो, पहेँलो, फुस्रो अनेकन रंगको समिश्रणलाई आत्मसाथ गर्दै
हाम्रो घर, उब्जनी, पौष्टिकताको आश्रय माटो तिमी धन्य छौ।
तिमी छौ र त हामी छौँ, त्यसैले हाम्रो जीवन तिम्रानिम्ति हुनुपर्छ।
भू-क्षय जसले हराभरा वातावरणलाई उजाड बनाउँदै
सुन्दर माटोमाथि संहार गरेर पौष्टिकता,
उब्जनी घटाउँदै, पानी अनि सम्पत्तिको नष्ट गर्दै अघि बढ्दा
धन्य माटो तिमीले ढुङ्गाको सहारा छोडेका छैनौ।

हे मानव,
लागौँ अघि बढौँ भू-क्षय रोकौँ
अहिले नगरे कहिले गर्ने, हामीले नगरे कसले गर्ने,
भू-क्षय रोकौँ, भविष्य बचाऔँ
भूसंरक्षित बाली लगाऔँ, कृषिवन सुरुवात गरौँ,
घुम्तिबाली सँगै छापो हालौँ,
वृक्षरोपण गरौँ
र भविष्यको सन्ततिको घर उजाड हुन नदिऔँ
माटो जोगाऔँ
भू-क्षय रोकौँ, भविष्य बचाऔँ|

*****

# १८. बिर्सिएको कृषिको कथा



**नित्यानन्द खनाल**

**कृषि तथा कृषि-खाद्य बिभाग**
**बिभरलज, क्यानाडा**

वारिपारि लेक पखेराका बारीहरूमा
बेसीका गैह्री खेत र कछाडका टारीहरूमा
जसले छपक्क ढाकिने गरी गोठे मल छऱ्यो
मुरीकामुरी अन्न स्याहाऱ्यो, टन्न भकारी भऱ्यो

खोरमा बाख्रा, गोठमा लहरै भैँसी र गाईहरू
सबै ब्यस्त, मेलापात दिदीबैनी दाजुभाइहरू
जसले बस्तु भाउको राम्रो सुसार गर्यो
उसैले भैँसी पघाऱ्यो, १२ माने गौवा भऱ्यो
उसैले बलिष्ठ तारे-तिल्के हलगोरुहरू नाऱ्यो
मुरीकामुरी अन्न स्याहार्यो, टन्न भकारी भऱ्यो

घिउ, बाख्रोपाठो, बहर गोरु वा लैनु भैँसी बेचेर
तीजमा शिरपाउ वरापरी फेर्ने रहरहरू साँचेर
जसले झरी बादल ठण्डी गर्मी नभनी जाँगर गऱ्यो
मुरीकामुरी अन्न स्याहार्यो, टन्न भकारी भऱ्यो

पखेरामा अलिकति संम्याई घडेरी खारेर
हिलो-ढुङ्गाको पर्खाल वा बाँसको चीमले बारेर
खरको छानो हालेको सानो झोपडी घर थियो
तीन पुस्ता सँगसँगै रमाएको परिवार थियो
परि आउँदा नाता कुटुम्ब, इष्टमित्रको आधार थियो

यो कुनै कल्पना हैन, आफ्नै गाउँघरको यथार्थता थियो
पखेरा र बगरहरू आवाद गरेका पूर्वजको सामर्थ्यता थियो
पूर्खाका यी पौरखी गाथा, हाम्रोलागि अपार छन् प्रेरणा
जमाना फेरिए पनि नफेरियोस्, हाम्रो जाँगर र भावना!

*****

# १९. मीठो माल्भोगको गाथा



**आरती जोशी**

**नेपाल**

---

सुखका थिए दिन ती मेरा कोसा खान बालबच्चा रमाउँदा
किसानहरू मेरो बोट खोजि खोजि लगाउँदा।
दशैं-तिहार, चाड र पर्व मबिना अधुरा
मेरा कलिला बोट र घरिले काजबार मनाउँदा ।।

आहा कति खुशी थिए परिवारमा रमाउँदा
आफ्नै माटो, आफ्नैआकाश, मीठो माया पाउँदा ।
घरको पर्सो, घरैको मल, गर्जन र वर्षामा
जेठो बूढो धानका सुनौला बाला र सुगन्धित वासनामा ।।

बलौटे बगर, मलिलो तराई, गह्रा र कान्लामा
हर्षकासाथ उम्रेको भूली सुविधा सामान ।
घरका आँगन, खेत र बारीसँग गाँसेको पिरती
चटक्कै चुडी लग्यो खोइ कसले, हे मेरा रामजी।।

म बूढो भएँ कम भयो कोसा, बिस्तारै चेत परे
साथीसँगी खोइ कहाँ खोजम्, धेरै पो बिलाए ।
सुनेछु आजकाल नयाँ जात आयो, ठूलो छ घरी
रोबुष्टा भन्छन्, जि-नाइन भन्छन्, विदेशी तन्नेरी ।।

पुरानो बूढो लाखा र पाखा, नयाँको जमाना
यो स्मार्ट संसारमा, अब कहाँ पाउनु बास म?
अग्लो छ बोट, कम दिन्छु कोसा, खोइ कसले स्याहार्ने?
बिलाउनुको अर्को उपाय छैन यो बूढो के गर्ने ।।

मल र पानी खपत बढी, झार रोग मौलाउने
पुरानो नेपाली जातको जस्तो कहाँ माया फैलाउने?
रोग कम लागे, कम चाहिन्थ्यो मल, फल मीठो मेरो
घरको जात पराइ गर्दा, मन भयो अमिलो ।।

वातावरण मैत्री, रैथाने जात, गरौं है जगेर्ना
संरक्षण गरौं, सम्बर्धन गरौँ, सुधारौँ, भएका
विदेशी जात कम प्रयोग गरी, बचाउँ है सभ्यता

*****

# २०. ए गरीब निमुखा!



**सुरक्षा देवकोटा**

**बाटुलेचौर, पोखरा**
**कास्की, नेपाल**

माटोमा जिन्दगी सुम्पिने फोहोरी!
धनाढ्यहरू यही नामले पुकार्छन् मेरा बालाई
किन?
किनकि मेरा बा किसान!

सँगैकी साथी सुनाउँछे उसका बा
स्नातक पढेका,
विदेशमा लाखौं कमाउँछन् अरे
अनि म मनमनै कहन्छु
मेरा बा त जिन्दगी पढेका
स्वदेशमै सुन फलाउँछन्!

खेतबारीमा पसिना चुहाएर जवानी मरिसक्यो
तर अहँ, आश अझै मरेन मेरा बाको
समाजले कृषि पेशालाई इज्जत गरेको!

झमक्क साँझ परेपछि घर फिर्ने मेरा बा
पुरानो रेडियोको मुन्टो बटार्नुहुन्छ
अनि घ्यारघ्यार गर्दै रेडियो फलाक्छ
"फलानो प्रतिशतले कृषिमा बजेट बृद्धि"
बा फुरुक्क पर्नुहुन्छ
चाउरिएको मुहार सकि नसकि फक्राउनुहुन्छ
तर बा!
पोहोर परार नि यस्तै भन्थे
के फरक पाऱ्यो र बा?
के फरक पार्ला र बा?

गरीब अनि माटोको पूजारी मेरा बा
पुरानै शैलिले कृषि गर्नुहुन्छ
उन्नत बीउ, मल, उपकरण पाउने कहाँबाट?
उदाकदा समाचारले फलाक्छ
अनुदानका यावत् कुराहरू
अपशोच!
मेरा बालाई कहिल्यै छुन सकेन
निराश हुन्छन् मेरा बाका अनमोल धरोहर
ती कैयौं रोपनी जमिनहरू
भोलिपल्टै रेडियो सुनाउँछ
"कौसी खेती गर्नेलाई अनुदानको अवसर"
कठैबरा मेरा बा!

बिचौलिया,
मेरा बाका पसिना सस्तोमा किन्छन्
महङ्गोमा बेच्छन्!
पसिना चुहाउने मेरा बा
चैन गर्ने ती बिचौलिया?
मेरा बा सधैँका रोडपति
अनि ती करोडपति?

घोत्लिएर घन्टौँ सोच्छु,
नालायकले लायकको काम के नै गर्ला?
अनि
इज्जत नै नहुनेले
इज्जतको काम नै के गर्ला?

बस् सानो सपना,
मेरा बा अनि सबै किसानको
अब कृषि प्रतिष्ठित पेशा बनोस्!

*****

# २१. नेपालमै केही गर्नेछु



**सचिन रेग्मी**

**कृषि तथा वन विश्वविद्यालय**
**रामपुर, चितवन, नेपाल**

वर्षाभरि चुहिने छानो
जो निभाइरह्यो घरको चूलो
उध्रेको फरिया अनि फाटेको दौराले
गुम्साइरहे केही थान सपनाहरू
खाली भकारी, रित्ता थाल, भोका पेटले
धकेली रहे दिनहुँ यो शरीरलाई भुमरीमा
र त उडायो विमानले यो परको देशमा
जहाँ आफ्ना पर्छन्, केवल सम्झनामा

म यसरी हराएको छु यो सुदुर देशमा
जसरी हराउँछ पानी बालुवामा
हराउँछ मौरी धुवाँमा
त्यसरी कहालिएको छु यो पराइ देशमा
जसरी कहालिन्छ सुगा पिंजडामा
कहालिन्छ बाघ चिडियाखानामा

अब त,
चाडै पिच्छे सुस्काउने बाका सुस्केराले
निन्द्रै पिच्छे तर्साउने मीठा सपनाले
एकोहोरो घर बोलाइरहेका छन्,
याद बनेर बिझाइरहने
माली गाईको बिगौतीले
वनैभरिका काफलले
आँधीखोलाभरिका माछाले
घर बोलाइरहेका छन्

केही त पक्कै सिकायो परदेशले पनि
थोरै सिप, धेरै पाठ
फर्केर अब
पाल्नेछु गोठैभरि गाई
छर्नेछु खेतैभरि मकै
रोप्नेछु करेसामा तरकारी
पाल्नेछु आँगनमा कुखुराहरू
अनि साट्नेछु मेहनतलाई खुशीसँग

खाएर घरकै आँटो पिठो
खियाउनेछु दश नङ्ग्रा माटोमा
अनि बदल्नेछु पसिनालाई सुनमा
आमालाई भरोसा दिएर
अब नेपालमै केही गर्नेछु
म नेपालमै केही गर्नेछु

*****

# २२. कृषि कविता



**खुमा कुमारी भुसाल**
**गोकुलेश्वोर कृषि तथा पशुविज्ञान कलेज**
**बैतडी, नेपाल**

मेरो थोपा थोपा पसिनाले सिंचिएको माटो
मलाई औधी प्यारो लाग्छ
प्रकृतिले 'गरीखाऊ' भनी दिएको माटो
मलाई औधी प्यारो लाग्छ
डाँडामा घाम नअस्ताउन्जेल
म माटोसँग खेलेको देख्दा,
परको सेतो हातले गिज्याउँछ,
अहंकारले पनि बेस्सरी चिच्याउँछ

म गिज्याएको बुझ्छु अनि चिच्याएको पनि सुन्छु
मुखभरिको जवाफ फर्काउँ फर्काउँ लाग्छ
तर त्यसो गर्न मलाई मेरो धर्मले दिँदैन
भन्छ," माटोसँग गाँठो कसेपछि
माटोझैँ सहनशील हुनुपर्छ,
सबैले कुल्चिएको अनि लत्याएको भन्दै
माटोले कहिल्यै बिलौना गर्छ?
हो, तिमी त्यस्तै सहनशील हुनुपर्छ!"

मैले कृषिलाई आफ्नो धर्म मानेदेखि माटो
भैसकेछु!
भन्छन् "ढुङ्गाको भर माटो, माटोको भर ढुङ्गा"
तर म जस्तो माटोको भर त्यो ढुङ्गाको मन
किन भएन?
दु:ख लाग्छ
तर पिंढीभरि अन्नका दाना छरिएको अनि
कैयौं भोका पेटहरू भरिएको देख्दा
त्यो दु:ख आफै भाग्छ!

मेरो यो खुशीलाई तिमी अनौठो मान्छौ होला
म यस्तै अनौठो छु
आफ्नोसँगै संसारकै पेट पाल्ने,
दुई पाखुरीले चुनौतिका पहाड उचाल्ने
आशा राखेको छु!

बस् मेरो आशालाई हिँड्न पुग्ने बाटो छोडिदिनु
म कुनै दिन ऋणैऋणमा गाँजिएछु भने,
अरु सबथोक लगेर मलाई मेरो माटो छोडिदिनु
म यही माटोमा मुरीका मुरी सुन फलाउँछु
हो, मेरो सुन लाखौंको सेट त नहोला
तर यसले लाखौं पेटहरूको भोक मेटाउनेछ
जब यो शहरबाट भोकमरीको कहर हराउनेछ,
मेरो जीवनले उपनाम 'सार्थक' पाउनेछ!
'कृषि नै मेरो जीवन हो' भन्ने हक पाउनेछ!!

*****

# २३. लाएर फल्दैन के

**(शार्दुलविक्रीडित छन्द)**

**केशब ज्ञवाली**



**जनप्रिय उच्च माध्यामिक विद्यालय**
**पोखरा, कास्की, नेपाल**

आमाको दु:ख देख्छ ठान्छ बिचरो जागेर केही गरुँ ।
बाँझो बन्जर खेतमा यि पसिना झारेर केही गरुँ ।।
साथी सोच्छ विदेश मात्र किन हो नेपालमा छैन के ।
दानो एक लगाइ हेर त यहाँ लाएर फल्दैन के ।।
।।१।।
ए काकी पटुकी कसेर अबत त्यो धान रोप्नु पऱ्यो ।
खेती गर्छु यहीँ कमाउछु यही यो चित्त खोप्नु पऱ्यो ।।
गाह्रो काम हुँदैन यो समयमा ढोका उघारेपछी ।
ढुङ्गामा पनि अन्न फल्छ अब त यो ज्यान मारेपछी ।।
।।२।।
सक्छौ जे पनि गर्न हर्न जसरी ठानेर आएपछी ।
के फल्दैन र फल्छ जे पनि यहाँ बारी गलाएपछी ।
रोप्दै धान असारमा सुरसिला ती गीत गाएपछी ।
कोदो धान मकै गहूँ र अरु के फल्दैन लाएपछी ।।
।।३।।
गर्दै आज कृषी बसेर घरमै ती खेत धाइन्न कि ।
बारी यो अनि खेत यो रगतले आली सजाइन्न कि ।।
बाँझो खेत नदेखियोस् भुवनमा गर्ने भने हुन्न र ।
ए सब्जी स्व लगाउनोस् न कसले सब्जी पकाउन्न र ।।
।।४।।
कोदालो  हँसिया समाइ हिँड हे हेरेर आउन्न को।
गर्दा हुन्छ भने बसेर घरमै भोली रमाउन्न को ।।
छोरो आज रुँदै छ त्यो मुलुकमा भोली बिरानो नहोस् ।
राम्रो काम सिकाउनोस् र पछिका पुस्ताहरू सम्झनोस्।।
।।५।।

*****

# २४. म मकैचरी हुँ



**महेश कुमार भण्डारी**

**नेपाल**

म मकैचरी हुँ ।
आफू र आफ्नै
सन्तति मकै जस्तै बनी
हुर्कनकोनिम्ति
मलाई मकै हुर्काउनुपर्छ।

मेरो हतियार भनेको कुटो,
दुश्मन भनेको झारपात,
युद्ध भनेको गोडमेल र
जित भनेको उपज हो।
र म मकैचरी हुँ ।
आफू र आफ्नै
सन्तति मकै जस्तै बनी
हुर्कनकोनिम्ति
मलाई मकै हुर्काउनुपर्छ।

मेरो बिछ्यौना भनेको माटो,
तन्ना भनेको मल
सिरानी भनेको आली र
सिरक भनेको छापो हो ।
र म मकैचरी हुँ।
आफू र आफ्नै
सन्तति मकै जस्तै बनी
हुर्कनकोनिम्ति
मलाई मकै हुर्काउनुपर्छ ।

मेरो विश्वास भनेको बीउ,
सम्बन्ध भनेको गतिशीलता,
प्रेम भनेको स्वस्थपन र
खुशी भनेको अङ्कुरण हो ।
र म मकैचरी हुँ।
आफू र आफ्नै
सन्तति मकै जस्तै बनी
हुर्कनकोनिम्ति
मलाई मकै
हुर्काउनुपर्छ।

मेरो विकास भनेको तापक्रम,
प्यास भनेको सिंचाई,
शीतलता भनेको आर्द्रता र
खाजा भनेको प्रकाश हो।
र म मकैचरी हुँ।
आफू र आफ्नै
सन्तति मकै जस्तै बनी
हुर्कनकोनिम्ति
मलाई मकै हुर्काउनुपर्छ।

मेरो परिवर्तन भनेको प्रविधि,
यात्रा भनेको आयात-निर्यात,
मजबुत भनेको अर्थतन्त्र र
पूर्ति भनेको खाद्यसंकट हो ।
र म मकैचरी हुँ ।
आफू र आफ्नै
सन्तति मकै जस्तै बनी
हुर्कनकोनिम्ति
मलाई मकै हुर्काउनुपर्छ।

मेरो सङ्गत भनेको मकैबोडी,
पराई भनेको मकैकिरो,
लक्ष्य भनेको मकैखेती र
दमन भनेको मकैपर्व हो।
र म मकैचरी हुँ।
आफू र आफ्नै
सन्तति मकै जस्तै बनी
हुर्कनकोनिम्ति
मलाई मकै हुर्काउनुपर्छ।

*****

# २५. म कृषक मात्र होइन



**विक्रम परियार**

**नेपाल**

भन्न त मलाई कृषक भन्नुहुन्छ

म माटोको जीवन दाता पनि हुँ
हजारौँ वर्षदेखि चट्टानबाट
चोइटिँदै, टुक्रिँदै टुक्रिँदै, कुहिँदै
अर्गानिक चिजसँग मिसिँदै, सकिँदै
निर्जीव बन्न पुगेको माटोमा
दिनरात मेहनत गरेर प्राण पनि
भर्छु ।

म माटोको पूजारी पनि हुँ
मलाई थाहा छ माटो पुज्ने विधि
म जान्दछु माटोको ख्याल राख्न
मलले सिँगार्न, जलले खुशी राख्न
कहाँ यसै पाइन्छ र?
दिनरात पूजा नगरी माटोमा जीवन
दिन।

म बोटबिरुवाको बाबु पनि हुँ
मैले पुजेर पालेको माटोमा
बोट बिरुवाको वीर्य छर्छु
मेरो श्रद्धा देखेर माटो जन्माइरहन्छ
म ती सन्तान हुर्काउँछु, बढाउँछु ।

म तिम्रो अन्नदाता पनि हुँ
माटोको पूजा गरेर
माटोको तपस्या गरेर
माटोलाई नै
जीवन दिने वरदान पाएर
माटोलाई गर्भधान योग्य बनाएर
मैले अन्न फलाउँदै, बाँड्दै गर्छु ।

घरीघरी त लाग्छ,
म ब्रह्मा पनि हुँ
पानी मात्र भएको पोखरीमा माछा
बनाउँछु
मौन बन्न लागेको गोठमा, आवाज
बनाउँछु
भीरमा जङ्गल बनाउँछु
के चिज पो फल्ला भन्ने ठाउँमा
फूल बनाउँछु
फुल बनाउँछु, चल्ला बनाउँछु,
माउ बनाउँछु

कृषि भनेको के हो?
प्रोफेसर, मलाई नसोध्नुहोस्
म बुझ्दिनँ विश्वविद्यालयले बुझेको
कृषिको परिभाषा
फेरि हजुर बुझ्नुहुन्न, मैले बुझेको
कृषि

भन्न त मलाई कृषक भन्नुहुन्छ
हुँला, म कृषक पनि हुँला
तर म कृषक मात्र होइन।

*****

# २६. कृषि मेरो पेशा



**आस्था थापा**

**कृषि तथा वन विश्वविध्यालय, कृषि संकाय**
**हेटौडा, नेपाल**

श्रम, मेहनत र सरल, मेरो पहिचान
देशको खाद्यान्न परिपूर्ति गर्ने मेरो काम,
सबैले भन्छन् मलाई किसान

भौगोलिक विविधता प्रकृतिमाता बरदान
सबैखाले कृषि-वस्तु गर्न सक्छौँ हामीले उत्पादन
आफ्नै गाउँमा बसी म, कृषक बन्न चाहन्छु
परदेशिएका नेपालीप्रति उदाहरण बन्न चाहन्छु

पढेको मान्छे, कृषि कर्म गर्छेस भनी गिज्याउछन् सबैले
महंगी बढ्यो, खाद्यान्न घट्यो भन्दै कराउँछन् उनैले
नयाँ प्रविधि, प्रयोग गरी आधुनिक कृषक बन्ने मेरो चाहाना
सोच्छु कृषि उत्पादन गर्ने कृषक देशकै गहना

बाँझो जमीन घरमा राखी, किन जान्छौ बिदेशमा
पशुपालन, कृषि खेती गर, आम्दानी हुन्छ आफ्नै देशमा
पहिला जस्तो गाह्रो छैन, खेतीपाती गर्न
जोस, जाँगर र नयाँ सोचको आश्यकता छ, खाद्यान्नको माग पूरा गर्न
स्थानीय पौष्टिक तरकारी उब्जाऊ, आफ्नै खेतबारीमा
रोगहरूबाट बच्छौ, बिषादीयुक्त खाना बन्देज गरेमा

सुखसँग बाँचेको छु, आफ्नो देशमा पौरख गरी
आफ्नै परिवारसँग बस्न पाएकोमा, खुशी लाग्छ सधैभरी
देश बिदेशका पाहुनालाई प्रांगारिक खानाबाट खुशी मैले पार्छु
यसैबाट आयआर्जन गरी, जीविकोपार्जन गर्छु

बिषादी, रसायन इत्यादि पदार्थको प्रयोग कम गरौ सबैले
तब त फलाउँछ, सुन जस्तो अनाज देशको माटोले
रगत-पसिना, एक गराई जुटिरहन्छौँ अन्न उब्जाउँन
तिम्रो पौरख सम्झेर, सबले गर्नेछन् माया र सम्मान ।।
जय कृषि, जय किसान

*****

# २७. किसान दाइ

**वाशुदेव भट्टराई**

**टिकापुर बहुमुखी क्याम्पस**
**टिकापुर, कैलाली**
**नेपाल**



(आफ्नी श्रीमतीको सिउँदो बेरङ्ग छ),[२]
पराई नारीको भकारी
सप्तरंगले रङ्ग्याएर
के पायौ र किसान दाइ?

(तिम्री बूढी आमालाई दम लागेको छ रे)[२]
तर देशको श्रमको झोली भर्ने तिमीसँग
आफ्नी आमालाई खुवाउन दमको गोली छैन
आफ्नै आमाको पेट भर्न नसकेपछि
नेपालआमाको पेट हलोले चिरेर
के पायौ र किसान दाइ?

(सामान पनि तिम्रै, मूल्य पनि तिमी नै देऊ)[२]
तर भाउ ग्राहकको, अनि ब्यापार अपरिहार्य!
त्यही ब्यापारको बजारमा आफ्नै छोरीको
गोडा धोएको तिर्न नसकेपछि
छोरीका हातका बाला बेची-बेची
धानका बाला फलाएर,
के पायौ र किसान दाइ?

वर्षाका उराठ दिनमा
मेलापातबाट फर्केकी श्रीमती, तिम्री।
गोठमा बाँधेको लैनो भैंसी, तिम्रो।
आँत नै सुकाएको तिर्खा, तिम्री श्रीमतीको।
(तर गाबुको दही र ठेकीको मही, साहुको!)[२]
अभाव र अनिकालमा पल-पल श्रीमती
मरेपछि
बिहेको मन्डपमा सातैजन्म
सँगैबाँच्ने कसम खाएर
के पायौ र किसान दाइ?

(आफ्ना घरमा पाहुना आउँदा
खाना खाने थाली माग्न)[२]
छिमेकीको घर जान्छौ।
काजीबाका फूलबुट्टे थालमा
चौरासी व्यञ्जन पस्किएर
के पायौ र किसान दाइ?

बिहान छोरालाई एउटा वाक्य सुनायौ;
"ए लाटा, आज खेतमा पानी काट्न तँ जा है
म कृषि कार्यालयमा ऋण स्वीकृत गराउन
जान्छु"
साँझ छोराको वाक्य बसायौ
खेतबाट घर फर्किरहेको छोरो
छोराको अगाडि गाउँलेको भीड
भीड को बीचमा बूढो रुख
रुखको हाँगामा बाँधेको नाम्लो
नाम्लोमा बाँधेको किसानको घाँटी
घाँटीको तल जमीन
जमीनको तल पाताल
(अनि पातालमा, छोराको मुटु!)[२]

कुलको तारा बनाउन जन्माएको छोरालाई
बालकमै बेसाहारा बनाएपछि
"आफ्ना सपना अधुरै राखी
मेरो छोराका सपना पूरा गर्छु"
चाहेर मात्रै, के पायौ र किसान दाइ?

किसान दाइ
(तिमी छौ, म छु।
तिमी छैनौ, म छैन!)[२]
अनि
तिम्रै चरित्रमा प्रश्न गर्ने
म को हुँ?

*****

# २८. नापालाई जन्मदिनको शुभकामना



**अम्बिका अधिकारी तिवारी**

**मिसिसिपी स्टेट युनिभर्सिटी**
**मिसिसिपी, अमेरिका**

आज तिम्रो जन्मदिन, के दिउँ शुभकामना?
कुन शब्दले पुजौँ तिम्लाई, सुहाउने नाम पाइन शब्दकोषमा
तिम्रो हुर्काइ, तिम्रो उचाइ, सोचेभन्दा माथि लाग्छ
जन्मियौ हुर्क्यौ हाम्रै काखमा, तिमीलाई देख्दा गर्व लाग्छ

पहिले नि दिएकोथें  तिमीलाई आशीर्वाद अघि बढ्न
मौलायौ तिमी सोचे जस्तै, खुशी लाग्छ हाम्रो भन्न
हामी सबैको साथ छ तिमीलाई, तिमी पुग शिखरमा
देशको सेवा गर नापा, तिम्रो खाँचो निक्कै छ नेपालमा

ज्ञानको भण्डार हौ तिमी, केवल समेट्नु र फिजाउनु छ
विद्वान र विदुषीको ज्ञान सिपले, गाउँगाउँ सिंचाउनु छ
जे जति गर्दैछौ आज, त्यो अति सराहनीय छ
तिमीले आँट, हाम्रो साथ छ, गर्न अझै बाँकी नै छ

राज्य अनि शैक्षिक संस्थासँग मिल्नु पहिलो कदम
तर छाऊ गाउँगाउँ, समेट युवाहरूको संगम
लगौं कृषिमूलक शिक्षा, सुनौं कृषकको पुकार
जुन जोगी आए पनि कानै चिरेको जस्तो, कृषकलाई नहोस् धिक्कार

हामी गाउछौँ कृषिको कविता, यो कुनै राजनीतिको आवाज हैन
हाम्रो कवितामा कृषक स्वयम् बोल्छ, ठेलीमा लेखिने दर्शन मात्र हैन
देखेका छौँ खर्बुजा खेती, जोतिएर पुरिएको
हेरेकाछौँ उखु किसान मुटु मिची मिची रोइरहेको

अब यो स्थितिमा,
माथिबाट मात्रै हैन, कृषकको खेतदेखि सुधार ल्याउँ
यी बृहत कृषि कविताको सन्देशहरू, मनन गरी योजना बनाउँ
मेरो लाखौँ शुभकामना, नापा तिमीलाई सधैँभरि
आज भन्दा भोलि माथि, देख्न पाउँ यसै गरी

"नापा-जन्मदिनको लाखौं लाख शुभकामना सम्पूर्ण नापा परिवारलाई"

*****

# २९. कृषि

**(शार्दुलविक्रीडित छन्द)**

**रामहरि अधिकारी**



**दोर्दी, लमजुङ, नेपाल**

कृषि हो सबको घरै घरमहाँ, गोदाम भर्ने पनि,
कृषि नै जनको मुलूक भरको, उद्धार गर्ने पनि ।
कृषिले दु:खका हरेक क्षणमा, आश्वस्त तुल्याउँछ,
मान्छेको अति नै कठीन घडीमा, जीवन्त तुल्याउँछ ।१।

कृषि त्यो मूल हो समस्त जगको, विकास निर्धारक,
कृषि नै जग हो समृद्ध बनने, उपायको सर्जक ।
कृषिले दु:खमा समस्त जनको, यो श्वास, अड्काउँछ,
कृषिले सबनै मनुष्यहरूको, मुहार चम्काउँछ ।।२।।

मान्छेले कृषिमा गरेर प्रगति, विकास पैल्याउँछ,
आफू बाँच्न अनि बचाई अरुमा, सुकिर्ती फैलाउँछ ।
कृषिमा गरने लगानी कहिल्यै हुदैन, निरर्थक,
कृषिमा बगने अथाह पसिना, अत्यन्त हो सार्थक ।।३।।

हाम्रो देश सधैँ प्रधान कृषिमा, बोलेर के हुन्छ र,
कृषिमा नदिए प्रशस्त मन यो, सोचेर के हुन्छ र?
कृषिको निति यो सुधार बढीया, नौलोपना चाहियो,
आधुनिक विधि विशिष्ट प्रविधि, स्पष्टता चाहियो ।।४।।

कृषिकै भरमा रहेर सबले, बाँच्नुछ यो जीवन,
यो बिना कसरी चलोस् धरती यो, के अर्थको यो धन ।
जे सुकै प्रगती बनोस् धरतीमा, खानु सधै पर्दछ,
निकासी पनि बढ्छ लौ बचतले, आयात खुम्चाउछ ।।५।।

कृषिमा दिउँ है महत्व सबले, यो देशको खातिर,
जानुपो किन पर्दथ्यो अरु मुलुकमा, खोजेर लौ जागिर ।
चल्छन् उद्यम औ ब्यापार पनि ति, सुधार कृषि गरे,
कृषिकै भरमा सहस्र प्रगती, यो देश भित्रै भरे ।।६।।

*****

# ३०. सिरनारे कान्छा बाको चिन्ता

**गङ्गा प्रसाद खनिया**

**सुन्दर बजार, दुराडाँडा**
**लमजुङ, नेपाल**



सिरनारे कान्छा बा घर मुन्तिरको चौताराबाट
तल बेसी तिर हेर्दै
अतित नियाल्छन्
त्यो साहिँलो आएन
खेत रोपिएन
रोपो हरियो भैसक्यो
नआउने भयो मुग्लान तिरै भासियो
सुन फल्ने खेत बाँझो बनायो
मन अटाउने यी फाकट गराहरू
त्यो मार्सी फल्ने गैरी खेत
गैराबारीमा तितेपातीले ढाक्यो
बाँदरको बास बन्यो
पूर्खाले दु:खले जोडेको झिटी
भेडाको मासु बनायो
दलान खसी
घर धन्सार भूत घर भएको छ
उ भने
खाडी देशको हम्माममा धपेडी मार्दै
बालुवामा
पसिना बेचिरहेछ
यो गुराँस फुल्ने गाउँ बिर्सिएर
ऊ
मुसाफिर बनेको छ

गाउँमा के छैन
सबैथोक छ
किसानी छ; गरा-गरामा बिहानै वसन्त
उदाउँछ
खेतमा लहलह भै शरद फल्छ
अन्नपूर्ण हिमाल मंसिरमा लच्छिन बाँडछिन्
अहिले त आलीहरूबाट आँसु बगेको पो
देख्छु
हरियो खेतमा इन्द्रधनुष लहराउँदा
दशैंको अनुभूति भै
तिम्रै अपरिमित छायाँ देखिन्छ
हाम्रो त अब समय पनि रहेन
बरकत छैन
मासी गलेर गयो
अब तिमी फर्क
आफ्नै प्रेमिल माटोमा
ति बेसीकी नर्मदा जस्ती नदीलाई तिमी
भीमसेन बनी
त्यो प्रवाहलाई रोकेर उपल्लो टारमा बगाउन
परेको छ
बल्ल यो मूलुकमा
कोही मलर सदा जसरी मर्ने छैनन्
तिमी बन्नु पर्ने छ
एकदिन
स्वामीनाथन र नरमोन बोरलग जस्तै
अनि पो कृषि क्रान्तिको आह्वान हुनेछ ।

*****

# ३१. नयाँ नेपालको उन्नति



**विलोचन पोखरेल**

**मनकामना, गोरखा**
**नेपाल**

मान्छे ऐच्छिकमार्ग खोज्छ विविध पेशा समाल्छन् तर
सारा फलमा अन्नतत्व नभए बाँचिन्न बाँचिन्छ र?
खेतीवाल जहाँ पुजिन्न नबुझी हुन् अन्नदाता भनी
बोल्लान् मन्दिर भित्र बाहिर कहाँ हाँसेर देउता पनि।।

बेच्यौँ अन्न विदेशसम्म पहिले पैसा कमायौँ कति
किन्छौँ खान खनिन्न खेत जसरी हा! बाँझिदै गो मति।
सस्तोमा बहुमूल्य मातृघरको बेचेर सञ्जीवनी
किन्छौँ औषधी हो कि रोग महँगो गर्ने कहाँ सोधनी?

खै भण्डारण,भाउ योग्य नहुँदा चिन्ता हतोत्साहमा
पोखे दूध किसानले सडकमा बेदाम बेचुन् कहाँ?
मीठा स्याउ फले बिकेन कुहिए हुम्ला र जुम्लातिर
आशाको लहरो छिने कृषकले कैले उठाऊन् शिर?

खेतीयोग्य गह्रा मिची मनपरी बस्ती बसाल्ने स्थिति
हे सरकार हटाइदे मुलुकको बाधा दिने बेथिति ।।
आमाझैं धरती भुली नवयुवा कोही नजाऊन् पर
नेपाली कृषिविज्ञ विश्वभरका सम्झेर आऊन् घर।

जे चाहिन्छ यहीँ छ खोज नभए पाइन्न संसारमा
हो भण्डार जुहार हार सुनको के छैन नेपालमा?
रोज्यो विश्व बनाउँदा प्रकृतिले यो राजधानी घर
इच्छाशक्ति उचालिए मुलुकको संवृद्दि टाढा छ र?

वैशाखी कतिसम्म टेक्नु परको आफैं हिँडौँ सारमा
खेती संस्कृतिमा परिष्कृत गरौँ विज्ञान जोडौँ नयाँ ।
खोस्रौँ यी धरती टिपी नसकिने फल्नेछ मोती कति
देखाऔँ कृषिबाट संभव नयाँ नेपालको उन्नति।।

*****

# ३२. के साइँला साइँलीको जीवन बदलियो?



**सुदर्शन अधिकारी**

**कृषि प्रसार तथा ग्रामीण समाजशास्त्र विभाग**
**कृषि तथा वन विज्ञान विश्वविद्यालय**
**खैरहनी, चितवन, नेपाल**

गैरीखेतमा हलो तानिरहने
साइँला दाइलाई
अझै गरिबीको अंकुशले तानिरहेको छ ।
घरबारीमा मकै छरिरहने
साइँली भाउजूको
सपना पनि
मकैजस्तै छरिएका छन्।
किसानले फलाएको छ
लहरै धानका बालाहरू
छामेको छ भोको पेट
अनि सम्झिएको छ झल्झली साहुलाई।

किसानले सुनेको छ
सरकारले
किसानकालागि ल्याएका योजनाहरू
र धाएको छ सरकारी कार्यालयहरू
अनि फर्किएको छ सबै आशाहरू मेटाएर।

देशमा, जसले माटो कोपर्छ
ऊ त किसान नै होइन।
किसान त ती हुन्,
जसले अनुदान पचाउन
कागजमा फारम खोलेका छन् ।
खैर, कृषिमा प्रविधि आयो,
साइँला दाइलाई आएन ।
कागजमा
साइँला दाइको गाउँले
कृषिमा फड्को मार्‍यो,
साइँला दाइको जिन्दगीले मारेन ।
पत्रिकाले छाप्यो
कृषिले गर्दा देश हँसाएको,
साइँली भाउजू कहिल्यै हाँस्नु भएन।

ठूलाबडाले भनिदिए
किसानका दिन आए,
साइँली भाउजूको दिन कहिल्यै आएन।
साइँला साइँलीको जीवनकालमा,
सरकारहरू आए, गए
व्यवस्थाहरू बने, बदलिए
सपनाहरू बाँडिए, हराए
आशाहरू पलाए, मरे।
यी साइँला साइँलीहरू
देशका तमाम किसानहरू हुन्।

सरकार, तिमी त दङ्ग छौ
सिंहदरबारका कोठाहरू हेरेर
चहकिला मेच र कार्पेटहरू हेरेर,
मख्ख छौ
कपोल्कल्पित सम्वृद्धिको सपना देखेर ।
यही सम्वृद्धिको नारा बोकेर
कृषि विकासको गाथा उकेलेर।

सरकार, एकपटक कमसेकम एकपटक
साइँला साइँलीकै आँखामा हेरेर भनिदेऊ,
के साइँला साइँलीको जीवन बदलियो?

*****

# ३३. माटोको सिपाही



**सुकृति भट्टराई**

**जी पी कोइराला कलेज, कृषि तथा अनुसन्धान केन्द्र**
**मोरङ, नेपाल**


सूर्यको लालीले जमीन स्पर्श गर्न नपाउँदै
उघ्रिएका तिम्रा आँखा,
बिहानीको संकेत गर्ने भाले उठ्नुभन्दा पहिला
ब्युँझिएको तिम्रो मस्तिष्क,
कल्पित भविष्यको सुनौलो रेखा कोर्न,
पृथ्वीको गर्भबाट
अञ्जुलीभर अन्न फलाउन
तत्पर रहन्छन्।

नयाँ जीवनको सिर्जना गर्न,
एक नवविवाहित युवतीले
गर्भधारण गरेझैं,
सिङ्गो सभ्यताको पेट पाल्न,
तिमी
जिन्दगी अल्झिएको त्यो अन्नको सानो
बीजलाई,
पृथ्वीको आयाममा गर्भधारण गराउँछौ।

तिमीले पाठशालामा गई
"क" बाट "कृषि" कहिल्यै पढेनौ,
न त "अ" बाट "अन्न"
"ह" बाट "हलो"
र  "स" वाट "सङ्घर्ष" नै पढ्यौ,
तर लालपूर्जा समेत नभएको,
बुबाले अंशमा दिएका केही टुक्रो जमीन,
नासोका हलो र कोदालोको भरमा,
तिमीले,
जिन्दगीको कखरा सबै सिक्यौ।

सायद,
किसानको बाटो त्यति सजिलो छैन क्यारे,
त्यसैले त सरकारले अनुदानमा दिएको
उच्च जातको दानादार बीउ र रसायनिक
मलहरू,
कृषि आधुनिकीकरण भन्दै बाँडेका
कृषि उपज यन्त्रहरू,

बाटो बिराई बिचैमा अलपत्र पर्छन्,
सिंचाइका परियोजनाहरू,
आधाअधुरै
बुख्याँचा झै टुलुटुलु हेरिरहन्छन्।

भ्यागुताको ट्यारट्यार आवाजमा रमाउने,
गड्यौलाका पदचापमा खुशीहुने
किसान,
अनावृष्टि, अतिवृष्टिका बज्रबाट सन्त्रास
भइरहँदापनि
जीवनभर अभाव, गरिबी र रोगव्याधीको
अगेनामा भुटिरहँदापनि
आफ्ना भिजेका आँखाले
जमीन सिंचाइ गरिरहन्छन्,
खस्रा हत्केलाले
तिलस्मी अन्न फलाइरहन्छन्,
अनि
सङ्घर्षको सगरमाथा चढ्दाचढ्दै
पृथ्वीको गर्भमा समाधि लिन्छन्।

*****

# ३४. ऊ पहेँलो सुन फलाउने पागल

**चिरन्जीवी मिश्र**



**कृषि तथा वन विश्वविद्यालय**
**कंचनपुर, नेपाल**

कस्को हुदोँ हो यो कठोर मन
जब संसार रिमझिम झरीमा
प्रेमीकाको साथमा डुबेको हुन्छ
ऊ कोदालो लिएर कता निस्किन्छ?
र किन खोप्र थाल्छ अनवरत?

कुनै काष्टकुठ चरोले विशाल रुखको छाती खोपे झैं
कस्को हुँदो हो यो अभिमानी छाती
जो यो कालो मेघ वर्षामा
जस्ले पीपलको छाती च्यात्ने हिम्मत राख्द्छ
ऊ घरबाट निस्किन्छ
र आलीमा बसेर पानीको बहाव नापेर बस्छ
कस्का हुँदा हुन यी गैंडाका जस्तै चाम्रा हत्केलाहरू
जस्को छोराले बाबाको औंला समात्दा
दुई पाइला नसर्दै दुख्यो भन्छ

कस्को हुँदो हो यस्तो बुद्धि
जस्ले
सन्तानले बजारको गुडिया माग्दा
माटोको बनाएर दिन्छ
जो सहरका धनी आफन्तीलाई भेट्न जाँदा
फगत कोदाको रोटी कोसेली बोकेर हिड्छ
जो आमाको गोडा च्याप्दै भन्छ

आमा! मलाई रोप्दै गरेको कति सुहाउँछ है!
जहाँ आधुनिकताको आँखा उस्को झुपडीमा पस्दैन
किन माहुरी उस्को आँगनमा हराउँछ
किन धमिरो उस्को घरमा आफ्नो महल सजाउँछ
किन चरो उस्को चौतारोमा आएर बिष्टयाउँछन्

किन ऊ
यो कुर्सी प्रधान देशमा
अझै कृषिको शेष बचाउन लागेको छ
किन ऊ
उस्कै साथी उस्कै टाउको माथिबाट प्रदेश उडिरहँदा
ऊ मुनि धर्तीमा हलो लिएर गुडिरहन्छ
लाग्छ यो पागल परको देख्छ
सायद ऊ आमाको सिन्दुर बन्जर देख्न सक्दैन
सायद ऊ जूनले जमीनलाई चुमेको देख्दा
उस्कै पुर्खाले चुमेको देख्दछ

यिनै बिबशताहरूलाई रोपेर
सायद ऊ कमाउँछ इमान
तेसैले उस्लाई भनिदो हो
ऊ पहेलो सुन फलाउने पागल किसान

*****

# ३५. किसानी बाल्यकालका स्मृतिहरू



**नित्यानन्द खनाल**

**कृषि तथा कृषि-खाद्य बिभाग**
**क्यानाडा**

ऋतुहरूका रङ्गहरू, अपार प्रकृति समीपता
रीति रिवाजका प्रसङ्गहरू, जनजीवन विशेषता
राम रमिताका उमङ्गहरू, निश्छल माया ममता
स्मृतिका तरङ्गहरू, छचल्किन्छन् बनेर कविता

परिवारको गर्जो टार्ने, गाईवस्तु र खेतीपाती थिए
पुर्खौली बिँडो थाम्ने, साक्षात् शाखा सन्तति थिए
माझाघरे तल्लाघरे, पर्मा साट्ने साथी थिए
मूठी रोपी मुरी स्याहार्ने, लक्ष कति जाती थिए!

जलवायुको तालसँग, खेल्नु सधैँ संघर्ष हुन्थ्यो
चैते हुरी र बैशाखे खडेरीपछि, जब मनसुन वर्षा हुन्थ्यो
पौल उब्जनीको आशा हुन्थ्यो, सबको मनमा हर्ष हुन्थ्यो
मकैका घोगा र धानका बाला, लर्किएको चर्चा हुन्थ्यो

हरेस नखाइ सामना गर्ने, जीविकाका ती परीक्षाहरू
कति निर्मल सपनाहरू, अनि निष्कलङ्क इच्छाहरू
पवित्र सङ्कल्प, पौरखी भावना, सीमित महत्त्वाकाङ्क्षाहरू
प्रेरणा बनुन् सन्ततिलाई, ती आत्म सन्तुष्टिका शिक्षाहरू!

*****

# ३६. किसान!



**राजु खत्री**

**मोरङ, नेपाल**

पहिले-पहिले हरियो फरिया लगाएर
उत्तानो परेर सुत्थे यी सम्म फाँटहरू,
जहाँ लुकामारी खेल्थे कोइली, मयूर
जहाँ प्रेम साटासाट गर्थे खेतालाहरू,
साहिँलादाइ सङ्गको बियोगको पीडा पोख्थिन् साहिँलीभाउजू
उबेलाका रमाइला वसन्तमय यादहरू साटिन्थे मेलापातमा

आलीलाई मायाले सुम्सुमाउदै काहिँलादाइ
आली लगाउनुहुन्थ्यो,
काहिँलीभाउजू घरधन्दा मिलाएर
त्यही मायाको आधार आलीमा बसेर
थालीमा खाजा भाग लगाउनुहुन्थ्यो,
दुई-चार गाँस मायाका कुरा एकआपसमा निल्दै
जिन्दगी यसरी नै किसानको खेतमै भूल्थ्यो
यही प्रकृतिको काखमा, उज्ज्वल भविष्यको आशमा!

तर,
अचेल काहिँलादाइ उबेला हलो कोदालो समाउने हातले
आज पासपोर्ट समाउन थालेका छन्,
काहिँलीभाउजू अचेल सिङ्गारिएर खेतबारी खाजा बोक्न छाडेर
टिकटकतिर आफूलाई पस्किन थालेकी छिन्

एक पोको आत्मियता
अर्को पोको माया
अनि अर्को पोको साथ
सबैको गाँठो खोलेर छरपष्ट पारी
मानिसहरू प्रकृतिबाट टाढिदै छन्
बाँझा खेतबारीहरू बाउसे र रोपारको पर्खाइमा छन्
मानो रोप्दा मूरी उम्रिने फाँटहरू

पिल्लर रोपिएर भवन ठडिएका छन्
आफ्नो हावापानीको उत्पादनमा गर्व गर्ने सबै
बिदेशी चामल भित्र्याउन तँछाड मछाडमा छन्

त्यसैले त, अचेल बिदेशी चामलहरू
स्वदेशी फाँटहरूलाई सति पठाएर
घरको छतबाट डकार्दै जिस्काइरहेछन्
भोका पेटहरूलाई

यसैगरी जाने हो भने भोकभोकै रहनेछन् पेटहरू,
गिज्याउन थाल्नेछन् जनावारहरू,
बिदेशी चामलहरू डकार्दै गरीबलाई जिस्काउन
थाल्नेछन् पिल्लर माथिका पेटहरू,
मान्छे गिद्ध बन्नेछन् र मान्छेलाई नै झम्टन थाल्नेछन्
भोक निल्नको लागि!

यो सब हुनुभन्दा पहिले!
हे मान्छेहो!
आउनुहोस्!
बेलैमा सुरु गरौँ सचेतनाको क्रान्ति,
च्यातौं हरियो पासपोर्ट र रोपौँ साग!
अब मेट्नुपर्छ हाम्रो भोक हाम्रै चामलले!
कति चुहाउनु पसिना सम्झेर रगत अरुको देशमा?
छोडौँ यो सब,
अब फेरि आफ्नै देशमा आफ्नै खेतहरूको मालिक बन्नुपर्छ!

*****

# ३७. कृषि नविकरण



**गृष्मा सिंह**

**हिमालयन कलेज अफ एग्रिकल्चरल साइन्स एण्ड टेक्नोलोजी**
**बराह, सुनसरी, नेपाल**

६६% कृषिमा आधारित जनताको देश,
बीउ समयमा पाउने छैन परिवेश।
वर्षाको भरमा रहेको खेत,
कुलो लगाउन पाए हुन्थ्यो राम्रो रेखदेख।
रोपाइँको लागि सिंचाइको व्यवस्था
मिल्ने आखिर कहिले हो यहाँ?
उब्जाऊ भूमि होइन, उपयोगिताको छ देशमा खाँचो।
गर्न सक्दैनौं भनी लगाएका छौँ मनमा शंकाको साँचो।

ढाँचा मात्र होइन,
योग्यताको पनि छ कमी।
बुझ्दै जाने हो भने,
अवसर छन् निकै बढी ।
उपयोगिताको लागि योग्यताको व्यवस्था
पुग्ने आखिर कहिले हो यहाँ?
चामल, गहुँ र मकै त निकै खाइयो,
कोदो र फापरलाई पनि चाखिदिउँ न अब।

कपास र जुटलाई त भुलिएछ सायद,
उद्योगकोलागि सुरु गरिदेउ न खेति अब।
निउरो र सिस्नुले पनि पोषण पुऱ्याउँछ,
खाएर त हेरौँ
स्वदेशको आफ्नो स्वाद।

चिया र अलैंचीको पनि
चाहिएको छ साथ,
अर्थतन्त्रलाई पनि सहयोग पुर्‍याउने हो कि अब?
खान पाउनेले त खाए पनि फाले पनि
नपाउनेको चिन्ता कस्लाइ पो छ र?
कैयौं रोगले मान्छे मर्छन्,
पत्रिकामा हेडलाइन पनि आउँछ

तर भोकमरीले मर्नेको तथ्याङ्क बुझ्ने
को नै छ र?
कृषकलाई शिक्षण र बाली परिक्षण
दुवै हुनुपर्छ ।
समयमा बीउ र सिंचाइ
अब हामीले पुर्‍याउनुपर्छ।
आयातको दर घटाइ,
निर्यातमा ध्यान पुर्‍याउनुपर्छ।
हरेक घरमा कम्तिमा, गाँसको व्यवस्थापन हुनैपर्छ।
(अनि बल्ल कृषिले देशमा नयाँ इतिहास लेख्छ।)*[२]

*****

# ३८. कृषि विकास र महिला

**गिता कोइराला**

**डालास, टेक्सास**
**अमेरिका**



सुन्दर शान्त देश हाम्रो एभरेस्टको काखमा
नेपालको कृषि हिड्यो महिलाको साथमा।
दाजुभाइ, श्रीमान् सबै रोजगारीको खोजमा
अब तिमीले लिनुपर्छ कृषि विकास जिम्मा।

देश विदेशका शोधकर्ताले अध्ययन गरिसके
तिम्रो भूमिका ठूलो रहेछ भनि पनि सके।
कुन बीउ कहिले लाउने तिमीले जान्नुपर्छ
कृषिबाट फाइदा लिने काइदा सिक्नुपर्छ।

महिलाले नै बीउ राख्ने, महिलाले नै रोप्ने,
महिलाले नै गोड्ने अनि बाली काटी राख्ने।
भण्डारणको संरक्षण तिमीले नै गर्छेऊ
खेतबारीमा बाली लगाउने योजना बनाउछेऊ।

कृषि जैविक बिबिधताको संरक्षणकि खानी
जोगाइ राख पूर्खौदेखिका बीउ, बालीनाली।
महिला कृषक समूह र सहकारी मार्फत
तिमीले नै पार्नुपर्छ कृषि विकास सार्थक।

कुन बजारमा बेच्यो भनि धेरै मूल्य पर्छ
कति नाफा कति खर्च हिसाब राख्नुपर्छ।
अबदेखि तिमिले आइ. टि. नै सिक्नुपर्छ
खेतबारीमा बसेर नै सामान बेच्नुपर्छ।

कृषि सम्बध्द निकायमा पहुँच हुनुपर्छ
कृषि नीति कृषि बिमा तिमीले बुझ्नुपर्छ।
अब तिमीलाई सहयोग गर्ने संस्था धेरै छन् रे
नापा पनि हुर्की सक्यो अब आउँछ रे।

हाम्रो देशमा देख्न पायौँ राष्ट्रपति महिला
तिमीले नै आउनुपर्छ विकासमा पहिला।
सूचनाको हेक्का गर व्यवहारमा ल्याऊ
देशको विकाश तिम्रै हात छ विवेकशील होऊ।
महिला कृषक धर्ती नै हौ सिक्दै अघि बढ
अलि अलि गर्दा गर्दै धेरै विकास गर।

*****

# ३९. ऊ कृषक



**आरती खुलाल**

**कृषि तथा पशुविज्ञान अध्ययन संस्थान**
**लमजुङ, नेपाल**

जब बिहानी हुन्छ
अनि म पर्दा खोलेर
ऊ पर हेर्छु,
आज पनि उसको बिहानी मेरो भन्दा
अगाडि अगाडि नै आइदिएछ।

मैले सर्टको टाँकमाथि टाइ लाउँदा
उसका धूलाले झुत्रिएका वस्त्रलाई देख्छु।
तर उसका मैलिएका कमिजको शान
मेरा टल्किएका आवरण भन्दा
कम्तिको कहाँ थियो र?
मेरा आवरणको हरेक कपासको शान
साँच्चै उसको देन थियो।

मेरा किताब अनि कलमको भारी
तर कोदाला अझै गह्रुँगा थिए।
मेरो १०-५ का थकाइ लाग्दो दिन लिएर
जब म घर फर्कन्छु।
उही खेतमा फेरि उसैलाई देख्छु
ओहो! उसको त डिउटी अझै नसकिने रहेछ।

छल अनि कपटको यो दुनियाँमा
उसले माटोमा कहिल्यै रोपेन छल
रोप्यो त केवल जिन्दगी अनि उर्जाको मल
अनि दुनियाँको हरेक मान्छेको खुशीको पल।

आज मैले हर हर बासना आउनेगरी
अत्तर लगाउँदा पनि।
उसका पसिनाको गन्धभन्दा
सुगन्धित कहिल्यै भएनन्।

मेरा निखर सफा हातका औँलाले
उसका माटैमाटो भएको औँलालाई
कहिल्यै गिज्ज्याउन सकेन।
लजाइरहे त केवल आफ्नै सफा हत्केलाहरू।

हार अनि नैराश्यताको दुनियाँमा
उसले माटोसँग आशा गर्न कहिल्यै छोडेन।
हीरा अनि सुनको जमानामा,
ती सुन उसले रोपेको धानको बाला
भन्दा कहिल्यै चम्किएन।

मेरो हरदिनको गाँसको लागि
उसले हरदिन मेहनत गर्यो
उसलाई हेर्दा यही सोच्छु,
यो आवरण, यो जिन्दगी, यो श्वास
मलाई उसैले दिएको थियो।
ऊ त्यहाँ हेर त,
ऊ किसान हो।

*****

# ४०. कृषि र समृद्धि

**कविता भुसाल**

**कृषि तथा वन विश्वविद्यालय**
**चितवन, नेपाल**



कृषिप्रधान देश हाम्रो, कृषि नै हो हाम्रो आधार
कृषि बिना चल्दैन है, हामी सबको घरबार।
खियाएरै हातका नङ्ग्रा, बुढाबा आज कुप्रिए
कृषि पनि पेशा हो भन्दै, बेरोजगारी आज थुप्रिए।।

कृषि पढ्या विद्यार्थी नै, विदेशीनु सही भन्छन्
उजाडिएका खेतबारीले, मेरो हली खोइ भन्छन् ।
विदेशमा सिकेको सिप, स्वदेशमा लगाऊ अब
युवा वर्ग खेतबारीमा, झरेर त हेर अब ।।

लगानी भए मै पनि गर्थें, भन्नेलाई छ खबरदारी
सस्तो कृषि ऋण पाइन्छ, हटाऊ अब बेरोजगारी ।
निम्नवर्ग जनताको नि, एउटै उन्नतिको साथी
कृषि क्षेत्र बिकास भए, होला कस्लाई नजाती ।।

एकले थुकी सुकी भन्छन्, नदी बन्छ सयले थुक्दा
हामी सँगैसाथ हिड्ने गरे, सहज हुन्छ लक्ष्य पुग्दा ।
गरौँ अब सहकार्य, हातमा हात मिलाएर
नेपालीको पसिनालाई, नेपालमा नै बगाएर ।।

जाँगर गरे सुन फल्छ, हाम्रै नेपाल भूमिमा
सिकी सीप रोज कृषि, भन देशकालागि छु नि म ।
परम्परागत कृषिबाट माथि उठौं, अपनाउँ नयाँ प्रविधि
आजैबाट जुटौं युवा, ल्याउन अब कृषिबाटै समृद्धि ।।

*****

# ४१. किसान र कृषि क्रान्ति



**लक्ष्मण भट्ट**

**इन्जिनियरिंग अध्ययन संस्थान**
**पश्चिमान्चल क्याम्पस, पोखरा, नेपाल**

उहिले, म उठ्नु अघि नै
बुवा गोरु, हलो, जुवा, कोदालो आदि
लिएर खेत पुगिसक्नुहुन्थ्यो,
दिनभरि माटोलाई पसिनाले सिन्चनु हुन्थ्यो,
एक खेत जोत्न झण्डै पूरैदिन लाग्नेगर्थ्यो ।
तर अचेल,
आधुनिक प्रविधिद्वारा किसानी
गर्न थालेदेखि,
दुई घण्टा पनि लाग्दैन सोही खेत जोत्न।

कृषिमा आएको क्रान्तिले गर्दा
खेतबारीको छातीमा
हलोले रेखा कोर्दा कोर्दै
सुन्निने हातहरूमा ठेला
नपरेको धेरै भइसक्यो,
दुई बोरा धान बल्लबल्ल उब्जने माटोमा
अचेल क्विन्टलको हिसाबले अन्न फल्छ
ट्याक्टर आएदेखि आराम गर्न पाएर होला
हलो मख्ख छ ।

मेसिनले अन्नबाली काट्न थालेदेखि
सुख सयलमा बाँच्न पाएर होला,
हँसियाको धार मनमनै नाच्दैछ ।

टन्टलापुर घाममा अब
आफूलाई सेक्नु पर्दैन भनेर होला,
मेरो छाला आनन्दित छ ।

मालिकको लठ्ठी अब सहनु पर्दैन भनेर,
गोरुको पिठ्युँ खुशी छ ।
अब गोरुको मुख छोप्नु पर्दैन
भन्ने चाल पाएर,
मोहलाको मुख पनि मख्ख छ।

कृषि हाम्रो इतिहास हो,
हाम्रो गौरब हो,
हाम्रो देश हो,
र
किसान हिम्मत हो,
जसले सारा संसार पाल्ने,
आँट राख्दछ ।
सबैभन्दा ठूलो युद्ध
हाम्रो भोक हो,
र
किसान त्यस युद्धको महावीर योद्धा हो।

*****

# ४२. माटो



**मुना पुरी**

**कृषि तथा वन विश्वविद्यालय**
**चितवन, नेपाल**

फुस्रिएर, मक्किएर
बूढेसकाल लागेपछि
रस राग रित्तिएपछि
तिमी ममा विलुप्त हुन्छौ
म चाहिँ?

तिम्रो भोको पेट भर्न
मैले रगत खर्चिएँ
तिम्रो लात खाँदै
तिमीलाई पाइला चाल्न दिएँ
गर्मी भन्यौ वृक्ष दिएँ
भोक भन्यौ बाली दिएँ
तिमीलाई पालेँ
तिम्रालाई पालेँ
तिम्री आमाले नौ महिना कोखमा राखिन्
मैले जीवनभर काखमा राखेँ
मेरो स्तन नचुसी जीवित नरहने
हे कृषक
हेर्दै जान्छु
गुन बैगुनको लिला।

मलाई यति गहिरो घोच्छौ!
रक्तनली भलभल फुट्छन्
मांसपेशी यसरी चाम्रिदैछन्
मानौं चापले सीमा नाघ्यो
औँला दिँदा डुँडुलो निल्ने
हे पिचास
रसायनमा यसरी डुबायौ
निसास्सिएर खुब कराएँ
लम्पसार छटपटाइरहेँ
तिमीले सुनेनौ।
न तिम्रो दास हुँ
न डम्पिङ क्षेत्र नै
कुरूप बन्दै गएँ
रङ्ग रस हराउँदै गयो
अब खेल्न आउँदैनन् मसँग
गड्यौला, साना जीवहरू
ममा नाच्ने रुख बाली
तिमी जस्तै बिषालु छन्
दिनदिनै हुँदैछु बन्जर
तर माटो हुँ
सहिरहेछु।

जीवन दाता हुँ, जीवन दिन्छु
मलामी हुँ, जीवनको अन्तिम अंश म नै मेट्छु
अर्को खुलासा
तिमी अब कृषक रहेनौ
कृषक प्रकृति प्रेमी हुन्छ
मलाई प्रेम गर्छ
प्रेम दुईतर्फी हुनुपर्छ
जीवन दिएँ, जैविक मल दिएनौ
धोकेबाज!
जवाफ देऊ
तिमी मेरो जवानी फिर्ता दिन्छौ
कि तिम्रो जवानी घटाइदिऊँ?

*****

# ४३. नापा वैज्ञानिक सम्मेलन संस्कृतिको नि भो सङ्गम

**नित्यानन्द खनाल**

**कृषि तथा कृषि-खाद्य विभाग**
**बिभरलज, क्यानडा**



घामको राप मन्द भो, वर्षा र झरी बन्द भो
कविता गद्य र छन्दको, सुनमा झन् सुगन्ध भो
बाँसुरी मादल धुनैमा, उमङ्ग भरौँ मनैमा
प्रहर नापा भेलाको, विज्ञान संस्कृति मेलाको

बाढीको बेग टरेछ, बेसीमा कुहिरो झरेछ
ऋतुले रङ्ग फेरेछ, धर्ती नि दङ्ग परेछ
झल्मली तारा जूनैमा, उमङ्ग भरौँ मनैमा
प्रहर नापा भेलाको, विज्ञान संस्कृति मेलाको

नेपालको माया साँचेर, रमाइलो गरौँ नाचेर
झ्याउरे भाका रन्काउँदै, मनका पीर थन्काउँदै
बाँसुरी मादल धुनैमा, उमङ्ग भरौँ मनैमा
प्रहर नापा भेलाको, विज्ञान संस्कृति मेलाको

नेपाली चोखो मनभित्र, नेपालको अटल मानचित्र
सागर पारिको शहरमा, नेपाली पनको रहरमा
झल्मली तारा जूनैमा, उमङ्ग भरौँ मनैमा
प्रहर नापा भेलाको, विज्ञान संस्कृति मेलाको

*****

# ४४. किसान



**निराजन बन्जाडे**

**कृषि तथा वन विश्वविद्यालय**
**लमजुङ, नेपाल**

ऊ एक किसान भनुँ कि म योद्धा?
हातमा अनि काँधमा अस्त्र बोकेको
निधारमा बिद्रोहको चरम तेज बिराजमान भएको
लाग्छ कि ऊसँग असीमित शक्तिको भण्डार छ,
असीमित चाहानाका कैयौं मुहानहरू छन्,
बलिया पाखुरा, वजनदार पाइला
धर्तीसँग बिद्रोह गर्न टन्टलापुर घाममा होमिएको
हातमा जादु बोकेको
मानोमा भविष्य देख्ने
बन्जरलाई नि सुन बनाउन सक्ने ।

ऊ पर्यायवाची हो
धर्ती माताको रक्षक,
ऊ स्वयम् धर्तीभन्दा महान छ,
कैयौं मठमन्दिर भन्दा ठूलो छ,
पूजारी भन्दा धेरै धर्मात्मी छ,
ऊ अन्न दाता हो,
ऊ सारा सृष्टिको पालनदार हो ।

गड्याङगुडुङका आवाजमा ऊ रम्ने गर्छ
बिजुली बिम्बले उस्को मनमा तेज प्रकाश आउँछ,
जल उस्को सारथि हो, हरेक सफरमा साथ दिइरहन्छ ।
उस्ले हार्न जानेको छैन र हार्ने बिकल्प पनि छैन,
कठीनाइका ताँतीहरू छन्, लावालस्करहरू छन्
उस्को निधारमा चाउरी परेका छालाहरूले संघर्षको खडेरीलाई झल्काउँछ ।
अभाव के हो उस्ले राम्रोसँग बुझेको छ ।

ऊ बिद्रोह गरिरहन्छ, बीउमलको लागि, गुहारको चित्कार गाउँछ जलको लागि ।
ऊ बिद्रोही हो अपबादमा सहनशील पनि हो ।
ऊसँग धैर्यताका असीमित गहिराइ छन्, मायाको अपार खानी छ ।
ऊ प्रेमी हो, माया गरिरहन्छ,
दाना रोपेदेखि गाँससम्म ।
उस्का सपना ठूला छैनन् तर ठूला सपनाहरूमा ऊ छ ।
ऊ सानो घरमै बसे पनि उस्का अन्नहरू महलमा पेस हुन्छन्,
मन्दिरमा भोग हुन्छन् ।
कर्म नै उस्को भाग्य हो र भाग्यमा नै उस्ले कर्म लिएर आएको छ ।

*****

# ४५. कोरोनाको बादलभित्र कृषि



**रोजिना गौचन**

**हिमालयन कलेज अफ एग्रिकल्चरल साइन्स एण्ड टेक्नोलोजी**
**कोबाङ मुस्ताङ, नेपाल**

संसार ठप्प भएको ती दिन
के रात के दिन
घरभित्रै थुनिएका मनुष्यजन
के जाति कोरोना अरे
यहाँ कोरोना एक, हरेकका न्याय अनेक

क्वारेन्टाइनको नाममा भेडासरी थुप्रिएका ती जन
मरेपछि रिपोर्टमा कोरोना देखिएका
ती बेजान शरीर
लास उठाउने कोही नपाएर
उठाउन घरपरिवारले समेत छुन नपाएको
दुःख लाग्दो दिन
फुक्नेले बेसार पानीको महिमा फुकिरहेछन्
भोग्ने चाहिँ कालो बादलसरी
जिन्दगीमा हराइरहेछन्

किसानहरू न सुख न दुःख
न घाम न पानी भनी अहोरात्र खटिने व्यक्ति
आफ्नो खुसीसँग सम्झौता गर्ने
कसैले पसिना त कसैले रगत लुटिरहेछन्
लुटिनेहरू हरबखत लुटिइरहेछन्
जसरी चरा भमराले फूलको इज्जत लुटिरहेछन्
ठीक त्यसरी नै लुटिइरहेछन् निर्दोष
किसानहरू

युरियाको अभाव हुँदा
किसानको आँखामा बर्सिएको आँसु
पसिनाको अनि मेहनतको फल
बारीमा कुहिएका
तरकारीको हृदयविदारक दिन
सलहले क्षणभरमै ध्वस्त बनाएको
बाढीपहिरोले उजाडिरहेको त्यो भूमि
आधुनिक व्यावसायिक र
यान्त्रिकरणको चरम अभाव
कृषि क्षेत्र पलायन हुन सक्ने अवस्था

बीउ मल दाना त कहिले उचित बजार अभाव
भारतको कृषि उपजलाई स्वागत तर
कोरोनाको निहुँमा स्वदेशी उत्पादनलाई
खाल्टोमा पुर्ने हामी
अनुदान सबै ठूलाबडा पहुँचवाला
सिंहदरबार धाउनेलाई
आम्दानी सबै बिचौलियाको हातमा
चुप छन् किसानको हक अधिकारको निम्ति
काम गर्ने निकाय
आज निर्दोष किसान अन्यायको भूमरीमा
हराइरहेछन्

क्रान्ति पश्चात् शान्तिको आभास
कालो बादलपछिको स्वच्छ आकाश
सुनौलो बिहानीको शितल प्रकाश
हाम्रो आँगनमा लाग्नेछ
तसर्थ सचेत रहौँ
समय परिवर्तनशील छ
भीषण वर्षात् पछि एकदिन
अवश्य घाम लाग्नेछ
अवश्य घाम लाग्नेछ

*****

# ४६. उखु किसान



**शैलेस भट्टराई**

**युनिभर्सिटी अफ जर्जिया,**
**जर्जिया, अमेरिका**

चाहे होस् चैत बैसाखको गर्मी, या पुष माघको जाडो
बाह्रै मास एकसर्को मैलो बर्को बेरेर
निधारबाट अविरल पसिना धारा बगाउँदै
भारीका भारी उखुका डन्ठी आगनमा पछार्दै
लामो सुस्केरा हालेर, भुत्भुताउदै थिए उनी
"यो पटक पनि नबिके फसल,
कसरी चाहार्नु म, उधारो साहुहरूको पसल"?

खै कस्ले सुनाएछ रामविलासलाई
उखु नगदे बाली भनी
जीवनका विलासहरू छाडेर यस्ता धेरै रामहरू
लागि रहे
बिहान, साँझ, रात नभनी,
बरु खेतैमा जागिरहे
बगाई रहे पसिना, भरी रहे गुलियो रस
बुनेर सपना कमाउने धन, उकास्ने परिवारको जीवन
जब थन्क्याएर सुम्पिए व्यापारीलाई उखु
तब पाए रामविलासले साढे सातको दु:ख।

मलाई हिजो एउटा भाइले सोध्यो
दाइ चिनीको रुख कस्तो हुन्छ?
चाहुरेको, झ्याउरिएको,
देखाइदिएँ रामविलासको अनुहार

उखुका पात जस्ता खस्रा हत्केला र पाउ
दुरुस्तै डन्ठी जस्ता सुरिला र दरिला शरीर
जरा जस्तै दरा र बटारिएका कपाल
उछिट्टिएका खोस्टा जस्तै काला बाक्ला नङ
र भने, भाइ तिमीले देखेको सेता चिनीमा
लुकेका वास्तविक

कालो चिनी रुखको कथा यही हो।

हिजो रामविलासको मन डढेछ ऋणको चर्को
ब्याजले
तिर्ने छैन भनी कड्किन्छन् रे व्यापारीहरू
चर्को चर्को आवाजले
किसान सधैँ मर्न पर्ने कहिले हुन्छअन्त्य?
एकादेशमा कृषि थियो रे भनी नहोस् कुनै दन्त्य
किसान रहे, रहन्छ कृषि, रहन्छौँ हामी सबै
किसानलाई सहयोग गरौँ, नहुन दु:खी कोही
किसान हाँस्दा हाँस्छ माटो, हाँस्छ हावापानी
इलम गर, इमानी बन, यही हो राम्रो बानी।

*****

# ४७. विद्वानको कृषि



**सोचन लिम्बु**

**कृषि तथा वन विश्वविद्यालय**
**रामपुर, चितवन**

बिगतमा सोच्दथे कुनै बेला, कुनै समय, कुनै प्रहरमा
म उद्यमशील एक कृषिकै कृषक बनुँ
भएका बाँझो जमीनलाई
गाँस, बास र कपासको उद्यम भूमि बनाउँ
आफ्नै स्वदेशी माटोमा पसिनाको नदी बगाउँ
तर बिडम्बना
गाँस अरुकै भइदियो
बास प्रवास भइदियो
अनि मैले लगाएको कपास
कुनै कारखानाको कुनामा रहिदियो

कुनै बेला बिचार गर्दथे
कृषि प्राविधिक बनुँ
निर्वाहमुखी कृषिलाई व्यावसायिक प्रविधिसँग जोडौं
एक मानाको ठाउँमा एक पाथी भकारीभरी भरौँ
आफ्नै स्वदेशी उपजको उपभोग गरौँ

खै त आज ती सोचका यर्थाथहरू?
तिनका परिणामहरू?
र तिनका स्तम्भहरू?
खै त मैले गरेका कृषिका नविनतम क्रान्तिहरू
खै त मैले बुझ्न सकेको कृषकका पीडाहरू
अनि तिनीहरूले चाहेका प्रविधिहरू
वर्तमानमा म कागजको पानामा
कृषि क्रान्तिको वाक्यांश लेखिरहेछु
सञ्चारमाध्यममा कृषि र
प्रविधिको चर्चा गरिरहेछु
सामाजिक सञ्जालमा केही शब्द कोरिरहेछु
कृषि क्रान्तिको सपना देखिरहेकोछु
सायद हुनसक्छ यही नै मेरो पहिलो प्रयास
पहिलो खुड्किलो

लाग्न सक्छ हजुरलाई म प्रवासी भएँ
म प्रवासमै हराएँ
या त म उतै बिलिन भएँ
अहँ त्यो तपाईको कल्पनाभन्दा धेरै पर हुनसक्छ
प्रवासी र प्रवासप्रतिको खेद हुनसक्छ
एउटा मञ्चको अपमान हुनसक्छ

भविष्यमा म एकदिन पुन: फर्केर स्वदेश आउनेछु
केवल म मात्रै आउने छैन
मसँगै अथाह सिप र ज्ञानको भण्डार आउनेछ
बाँझिएर बसेका जमीन पुन: मुस्कुराउनेछ
अनि मेरो देश,
हाम्रो जन्मभूमिले सार्थकता पाउनेछ
साँच्चै त्यतिबेला
विद्वानको कृषि कहलाउनेछ

*****

# ४८. किसान



**टोप बहादुर खत्री**

**कृषि तथा वन विश्वविद्यालय**
**रामपुर, चितवन**

जर्नेली, गुडुरा धान जस्तै
बिर्सिदिन्छन्
कहिले काहीँ
मार्सी धान जस्तै उचालिदिन्छन्
र केही मिटर माथिबाट खसालेर फुटाइदिन्छन्
माटोको हाँडी जसरी

मलाई बिर्सनेहरू
उचाल्नेहरू
खसाल्नेहरूले
बनाएका छन् एउटा यस्तो कुण्ड
जहाँ तातो नुनिलो पानी छचल्किरहेको हुन्छ
उनीहरू बेला मौकामा
पौडिरहन्छन् ,रमाइरहन्छन्
कसैले देखिहाल्यो भने
लाज छोप्न लाज छोप्नेले
आँखा छोप्छन्

पानी सुक्न लागिहाल्यो भने
मुहान खोज्दै
मेरो आँखामा आउँछन्
र
ठीक पहिले झैँ
उचालिदिन्छन्
अनि फुटालिदिन्छन्
टुक्रा टुक्रा बनाएर
मेरा सपनाहरू

म अरू कोही होइन, कहीँको होइन
म त्यो देशको किसान हुँ
जुन देशमा, किसानको शान छैन।

*****

# ४९. हाम्रो कृषि र अबको बाटो



**लक्ष्मण अधिकारी**

**क्यान्सास स्टेट युनिभर्सिटी**
**म्यानहाटन, क्यान्सास**

कृषि प्रधान हाम्रो मातृभूमिको, अवस्था किन यस्तो?
खेती गर्दैनौं हामी गर्छौं आयात, भनी उतैको सस्तो ।
उहिले हुँदा जनशक्ति देशमा, हुन्थ्यो निर्यात अन्न
भएर युवा पलायन हुँदैछ, समाज छिन्नभिन्न ।

खाडी होस् वा मलेसिया कोरिया, नेपालकै पसिना
आमा रुनुहुन्छ रह्यो खेत बाँझो, आऊ यतै बसन ।
फर्काई युवा गएका परदेश, लगाई बाँझो फोर्न
भित्र्याई अति आधुनिक प्रविधि, लगाऔँ कृषि गर्न ।

छोडी साँच्चिकै झिना मसिना चिज, कृषि क्रान्ति गर्ने हो
गरौं छलफल त्यो क्रान्तिको लागि, के-के गर्नु पर्ने हो ।
अनिवार्य गर चक्लाबन्दी अब, टुक्रा जग्गा धेरै भो
हावापानी सुहाउँदो बाली तोक्न, अब अति बेरै भो ।

ठूला नहर अनि कृषि सडक, लगाऊ बनाउन
बजार व्यवस्था राज्यनै गर्देऊ, बिचौलिया भगाउन ।
खेती पशु बीमा अति आवश्यक, गरौं चाँडै व्यवस्था
नआओस छैन भनी मल बीउ, धिकार्ने त्यो अवस्था ।

आऊ सुधारौँ सकिन्छ धेरै कुरा, नीति बनाऔँ राम्रो
परिवर्तन निश्चय नै आउँछ, सुन्दर देश हाम्रो ।
सोची सकारात्मक भए पनि जहाँ, सबैले केही गरौँ
सकेर भोकमरी निर्यातलाई, पुग्ने भकारी भरौँ ।

*****

# ५०. रामलखनहरू अझै पनि खेत जोतिरहन्छन् *



**शरद परासर मरहट्टा**

**हवाई विश्वविद्यालय**
**हिलो, हवाई, अमेरिका**

उत्पादन र उपभोक्ताको सन्तुलन खोजिदै गर्दा
अर्थशास्त्रको अर्को नयाँ परिभाषा रोजिदै गर्दा
बालीको मूल्य जति नै तल झरे पनि
बीउ बिजनको बजारले सिङ्गै सगरमाथा चढे पनि
युगको चक्र अनवरत चल्नुको अर्थमा
यहाँका गृहिणीहरू पर्खाल र भित्ताहरू निरन्तर पोतिरहन्छन्
रामलखनहरू अझै पनि खेत जोतिरहन्छन्।

मलखाद र विषादीहरू अँध्यारा कुनाको छलछाममा परेको बेला
रोकतोक र नियन्त्रणको समेत सम्पूर्ण नौनारी गलेको बेला
आवेगहरू सिक्ने र साँच्ने क्रममा अनुदित हुनुको मानेमा
खेतालाहरू माटोको सुगन्धसँगै श्रमको सपना साटिरहन्छन्
रामलखनहरू अझै पनि खेत जोतिरहन्छन्।

बाटोभरि सेताम्य शीतलहर चल्दैगर्दा
बालीनाली जस्तै मनहरू पनि डढेलोले ढल्दैगर्दा
सहमति र विमतिको विकल्पमा
धर्तीको एक कुनामा निरन्तर रुपमा श्रम-विन्दुहरू पोखिइरहन्छन्
रामलखनहरू अझै पनि खेत जोतिरहन्छन्।

चुनावी आश्वासनका "अमूक" सपनाहरू पजेरोको रफ्तारसँगै गुडेकोबेला
शान्ति सुरक्षाका पहराहरू "कोरोना";को कहरमा चुर्लुम्म डुवेकोवेला
एक-आपसका सद्भाव-भाइचाराहरू "क्वारेण्टिन"का अँध्यारोमा रुमल्लिएकोबेला
शहरहरू मौन / वस्तीहरू स्तब्ध
सवै-सवै चुपचाप-चुपचाप रहेकोबेला
युगका बलिष्ट मानस-पुत्रहरू
धर्तीको बाँझो फोरिरहन्छन्
रामलखनहरू अझै पनि खेत जोतिरहन्छन्।

(* पुरानो कवितामा सामान्य परिमार्जन सहित)

*****

# ५१. कस्तो कृषि विकास हो यो?


**सिर्जना पौडेल**

**कृषि तथा वन विश्वविद्यालय**
**रामपुर, चितवन, नेपाल**




बडो स्नेहका साथ रोपेको बीउलाई
मलजल गरेर, सपारेर
आफ्नो जीवनको सबुत
पृथ्वीको गहिराइसम्मै फस्टाएको
एउटा अटल, शक्तिशाली वृक्षको
आकार दिन्छ ऊ,
ता कि ती वृक्षका हाँगाले
उसको अकल्पनीय मेहनत बोकेको
शरीर थेग्न सकोस्
शव धान्न सकोस्!
जहाँ, सृष्टिकर्ताले सबैलाई
बाँच्ने आधार जुटाई
आफ्नो भोको पेट भर्न नसक्दा
आफ्नो अन्त्य आफैले गरिरहन्छन्,
कस्तो कृषि विकास हो यो?

जहाँ, टन्टलापुर घाममा,
मुसलधारे पानीमा
हुरीको वेगलाई चुनौति दिँदै
आफ्नै पसिनाले जग्गा सिँचेर
उब्जाएको अनाजको
"अ" बराबर मात्र तोकिएको
मूल्य प्राप्तिका लागि
राजधानी धाएर
आँसु चुहाउन
किसान बाध्य भइरहन्छन्,
कस्तो कृषि विकास हो यो?
जहाँ, बिहान-बेलुकीको दुवै छाक
निर्यात भएको आँकडा हुदापनि
बडो सानका साथ बोल्ड अक्षरमा
हाम्रो देश "कृषि प्रधान देश" लेखेर
लाज पचाउँछन्
सबै भान भएर पनि
झुठो तथ्याङ्कको वकालत गर्न नछाड्ने
वरिष्ठ अर्थशास्त्री,
कस्तो कृषि विकास हो यो?

जहाँ, कृषि विकासको नाउँमा
केवल विद्यालय थपिन्छन्
र ती विद्यालयले कृषिको `क`नजानेका
राजनीति शास्त्रमा अब्बल
कृषि प्राविधिक उत्पादन गर्छन्,
कस्तो कृषि विकास हो यो?
खेतमा अझै पनि मान्छे जोतिन्छन्
अन्यत्र प्रतिबन्धित विषादी छरिन्छन्
म प्रश्न गर्छु,
आधुनिक युगको विष घोलिएको
ढुङ्गे युगको प्रविधि अँगालिएको
साँच्चै, कस्तो कृषि विकास हो यो?

*****

# ५२. धर्तीको किसान



**ऋषि खत्री**

**मिसिसिपी स्टेट विश्वविद्यालय**
**मिसिसिपी, अमेरिका**

माटो ऊ ढोग्छ, माटै पुज्दछ, राख्छ माटोको मान
गर्छ कस्ले होला र सुर्ता माटोको, जति गर्दछ किसान
आमाको सुगन्ध दूधको मिसिएको भेट्दछ ऊ माटोमा
भेट्दैन बिकल्पमा अहँ बनेको कुनै, यही माटोको साटोमा

खियाउँछ दश नङ्ग्रा भुजका माटोमा, पसिना ऊ बगाउँछ
किसान जति गुन माटोलाई भन, अरू कस्ले लगाउँछ?
बाजे उसका जोतिए हल बनी, माटोमा बाउ उसका नारिए
बीज धर्तीका किसान बिना भन कति कसरी उमारिए?

रोपेर निला पसिना खेतमा सुनौला दाना जो फलाउँछ
खै कस्तो सोच हो मगजहरूमा हाम्रो, किसान बिचरा कहलाउँछ
डुबेर रवि अनि रात हुन्छ उदाउँदा हुन्छ बिहान
घाम नउठ्दै उठी, ढलिसक्दा पनि, धर्तीमा जागै हुन्छ किसान ।।

*****

# ५३. प्रश्न कृषिको



**उषा खत्री**

**कृषि तथा पशुविज्ञान अध्ययन संस्थान**
**पक्लिहवा, नेपाल**

अन्न, खेती, बाली, बोट, बिरुवा
यी सब
कहाँबाट आए होलान्?
किन बने होलान्?
कसले लेखिदिएको होला?
बाँच्न यी सब किन चाहिए?
यसरी किन सिर्जित भयो संसार?

कस्तो विचित्र छ यो
जुन अत्यावश्यक- त्यही पाउन गाह्रो
कतै नाश भने
कतै अभाव
कतै फालाफाल त कतै खाँचो
र सदैव अपमानित

म एक्काइसौँ शताब्दीको
अझ सानैदेखि बसोबास काठमाण्डौ
कृषि, बाली, कोसौँ टाढा
धुवाँधुलो होहल्लामा मच्चिएको मेरो संसार

पढ्दै जाँदा कृषि र कृषक सर्वोच्च पाएँ
तर उत्तिकै असम्मानित तथा मलिन
रात दिन टार्ने गाँस
किसानलाई मात्र नभई,
सबलाई आवश्यक
तर किन यहाँ किसान मर्कामा?

मेरो न त कसैका
ओष्ठले, कानले
"म किसान बन्नेछु" वाक्य
न त बोलेको छ, न त सुनेको नै
मेरो न त कसैका नाकले
किसानको पसिना
सुगन्धित मानेको छ
कृषि र किसान किन बाध्यताका पात्र?

कृषिलाई नरुचाउने,
नागरिकलाई अन्न किन बनाएको?
किसानको व्यथा नबुझ्ने,
यो संसारमा अन्न कसले लेराएको?
कृषिको उद्दार हुन नसकेको दश
किन कृषि-प्रधान?

यस्ता भाव, यस्ता पश्न कैयौँ आए
यी उत्तरहीन प्रश्न - प्रश्न कृषिको।

*****

# ५४. म किसान भएकोले

**महेश दत्त चौलागाईं**

**हिमालयन कलेज अफ एग्रिकल्चरल साइन्स एण्ड टेक्नोलोजी**
**पूर्वाञ्चल विश्वविद्यालय, नेपाल**



म किसान भएकोले
मन, कहिले केचना पुग्छन्
कहिले लुह्न अनि छुम्चौरका मार्शिमा
मन, कहिले समथल तराईको रजस्वलासँगै
नछुने भएर
बन्द, हड्ताल अनि बन्दाबन्दीको कचौंडोझैँ
स्खलित भएर बसेका छन्
मन, पशुपतिको नन्दी, अनि अटल चोमोलोंग्मा
जसरी थुप्रिएका छन् नि,
हो त्यसरी नै पुञ्ज भएर भण्डारण भएका छन्
म किसान भएकोले ।

जोश छ, अनि जाँगर छ
बिहानको रक्तिम किरणसँगै
म, कन्यामको तिनपाते डोकोमा लुकेर
गोधुलीको थकानलाई बचेराको चारो सम्झेर
निदाउँछु
आहा! कति राम्रो कृषि नीति
म नै सृष्टिकर्ता, म नै ब्यापारी
मलाई नयनमा भिजाई मल, सिंचाइ, बीज
म गरीबको बाल्यावस्थाको बाध्यताहेरी
मेरा रगतलाई अध्ययनमा लाग्ने एक भकारी
खजाना
एकसरो गन्जी सम्झेर
मेरो दैलोमै राखेको अनुदान
मेरो बाली हेरी बैंकले दिएको रकम
अहो! नोक्सानीको क्षतिपूर्ति - बीमा
कम्पनीबाट
मैरै बगानमा
मैरै हातमा - निक्कै सहज
आहा! सपनामा पनि रमाउने गर्छु
म किसान भएकोले!

मेरा बाहुबलले सृजना गरेको
धर्तीमाताको कोखमा बयली खेलेको अनाजले
अबला, बालक, वनिता पोषेको
कल्पनामा रमाउने गर्छु,
म सिमलको चौतारी मै पनि ओइलाउने गर्छु
मेरो सृजनाको अनि पसिनाको मूल्य खोज्ने
पनि छैन
नेपालीको चुलोमा आगो बल्ने भए
कोशी, नारायणी, सिक्टा र बबईले
छोरीको सिउँदो पखाल्ने भए
खाडीको रापले रगत जल्ने भए
रित्तिएर पनि रमाउने गर्छु

*****

# ५५. किसान



**सुरुचि शर्मा**

**मदरल्याण्ड माध्यमिक विद्यालय**
**बागलुङ, नेपाल**

कथा उही हो
जति चोटी दोहोऱ्याए पनि
कथा उही हो
तिनै गरीब किसान को
जस्को
हातमा नित्य
हलो र जुवा
ठूल्ठूला ठेला
तर
स-साना आशा र सपना
बिडम्बना!
कसैले नबुझिदिएको
दु:खी किसान को पीडा ।।

ती
नाङ्गा पाइलाले
उब्जाएको खेती
भोक, तिर्खा, पसिनाले सजाएको बारी
त्यो डढेको छाला, फुटेको हातखुट्टा
त्यो थोत्रो झुपडी, तर ठूलो हृदय
तिनै खेतबारीले दु:ख देख्दा सोध्छन्
ओहो कति गर्छौ दु:ख तिमीलाई पुग्छ
मुस्कुराउँदै भन्छौ
धत्! म मात्र बाँच्ने हो र?

बचाउनु छ यो सिंगो धर्तीलाई,
प्रशंसनीय छ तिम्रो काम
निकै नै प्रशंसनीय
कृपया,
किसान,
तिमी निरन्तर लाग
तिम्रो मेहनतको फल, तिम्रो इज्जत
त्यो प्रकृतिको माग
त्यसैले
म भन्छु
जय किसान आज
जय किसान ।

*****

# ५६. हरियाली भरौं

**प्रकाश गुरुङ**

**जी पी कोइराला कलेज, कृषि तथा अनुसन्धान केन्द्र**
**मोरङ, नेपाल**



परापूर्व काल देखि बस्थ्यौं खेती गरी
रम्थ्यौं हामी सबै जन कृषि कर्म गरी
गोठेमल हाली हामी खेतीपाती गर्थ्यौं
भूमि जलवायु सबै संरक्षण गर्थ्यौं।

पठाउँथ्यौँ विदेशमा पहिले त अन्न
खादैछौँ नि अहिले त आयातित अन्न
नारा चल्छ देशभरि कृषि क्रान्ति भन्दै
जनता त विदेशमा रोजगारी खोज्दै।

खेती योग्य जग्गा पनि बाँझो जग्गा बन्दै
मलजल अभावमा उत्पादन घट्दै
अब यहीँ हामी पनि कारखाना खोलौँ
मल अनि औजारको उत्पादन थालौँ।

परापूर्व कृषि कर्म अध्ययनमा जुटौँ
विदेशको अनुभव शिक्षा लिई जुटौँ
दिगो कृषि पद्धतिको विकासमा जुटौँ
युवा मिली रोजगारी सिर्जनामा जुटौँ।

कृषि क्षेत्रमा बजेट बढाउनु पर्छ
अध्ययन परीक्षण जुटाउनु पर्छ
स्थानीय बालीका बीउ संरक्षण गरौँ
सर्वोत्कृष्ट जातको बालीको विकास गरौँ।

कृषिबाट नेपालमा समुन्नति ल्याऊ
किसान को जीवनमा उपलब्धि ल्याऊ
नेपालको निर्भरता सबै मिली तोडौँ
हाम्रो देश विकासमा दिगोपन थालौँ।

विकास त धेरै बोले मात्र हुन्न रैछ
समस्यामा भागेर नि माथि छुन्न रैछ
हाम्रो सबै जलश्रोत उपयोग गरौँ
नाङ्गा बाँझा ठाउँहरू हरियाली भरौँ।

*****

# ५७. युवावर्गहरूलाई कृषि प्रधान देशको आग्रह

**(पञ्चचामर छन्द)**

**पद्म नाथ आत्रेय**

**पोखरा, गण्डकी प्रदेश**
**नेपाल**



गुराँसको वरीपरी, वतास नै झुलेसरी ।
छ देशको मुहार यो, सुनाखरी फुलेसरी ।१।
छ पुष्पको सुगन्धमा, बुद्दभूमी घमाएको ।
बनाउ है कृषि स्वर्गै, छ देश यो रमाएको ।२।

यता पहाड सुन्दरै, उता हिमाल सुन्दरै ।
तराइको त के कुरा, सुनौल खेत सुन्दरै ।३।
गरे हुदैन यहाँ के, मनैभरी वनैभरी ।
बिउ मुना टुसाउँछन्, विकासले सधैँभरी ।४।
मनैभरी छ मुन्तला, तनैभरी छ सुन्तला ।
वरीपरी जताततै, फलीरहेछ सुन्तला ।५।
छ देशमा जताततै, बुढाबुढी न साहरा ।
हलो र बीउ के गरी, समाउने कठैवरा ।६।

युवासबै हराउँछन्, उतैउतै रमाउँछन् ।
अहो! कसोरि बुझ्नु खै, स्वदेशमै डराउँछन् ।७।
युवा छिट्टै घुमी फिरे, दियो बल्नेछ देशमा ।
सबै मिले हुदैन के? सुनै फल्नेछ देशमा ।८।

उदाउँदो रवी सरी, बढि रहेछ जोवनै ।
बिहानको शितैसरी, चढि रहेछ जोवनै ।९।
कृषिश्वरूप खै यहाँ, सिकेर केहि आउ नै ।
समाउ हात देशको, गरेर केहि जाउ नै ।१०।

भुमी बने तिमी बन्छौ, क्षणीकता नहेर है ।
रमेर देशमै मरौं, बिलाशिता नरोज है ।११।
रमाइलो छ देशमै, जुटौं सवै युवा मनै ।
भुमी हाम्रो भविष्य हो, उठौं सवै युवा जनै ।१२।

*****

# ५८. ओहो हाम्रो कृषि क्षेत्र



**ज्योती शर्मा**

**महमद अब्दुर रहिम मेडिकल कलेज**
**बंगलादेश**

ओहो!
हाम्रो कृषि क्षेत्र
नेपाली कृषि क्षेत्र,
कृषि प्रधान देश भन्छु,
खै त?
मुस्ताङ्ग, जुम्ला, हुम्लाका स्याउ
नेपालीहरूले नै चाखेका छैनन्,
कृषि क्रान्ति गर्ने भन्छु
खै त?
वास्तविक कृषकलाई
सेवा, सुविधा, तालिम र अनुदान?
उनीहरू समक्ष पुगेकै छैनन्!

किन हामी निर्भर छौँ अरुमा?
बाँचेका छौँ सधै अभावमा
के हामीसँग खेतीयोग्य जमीन नै छैन?
कि हाम्रो जमीनको उर्वराशक्ति नै छैन?
कृषक छैनन् कि दक्ष जनशक्ति नै छैन?

छैन त केवल
नेपालीमा,
आफूप्रति दृढ विश्वास,
नयाँ अवसरहरू खोज्ने इच्छाशक्ति

फाइदा नै छैन, केही अवसर नै छैन,
पैसा नै छैन, चिजको मूल्य नै छैन
भन्ने सोचले
नेपाली बिदेशिएका छन्

अनि, बिदेशी सामान स्वदेशिएका छन्
के नेपालीमा आफ्नालागि उत्पादन गर्ने खुबी नभएकै हो?
बजेट भाषणमा किन छैन कृषि क्षेत्रलाई मान्यता?
होइन, होइन,
बजेट त प्रत्येक वर्ष विनियोजन हुन्छ रे!
अनुदान र तालिम पनि
किसानकै लागि नै हो रे
तर
के वास्तविक किसानसम्म सेवा, सुविधा, पुगेका छन्?
कि
नेताका कार्यकर्तासम्म सीमित छन्?
न उत्पादित सामानको न्यायोचित मूल्य तोकेको छ
न त तालिम प्रदान गर्ने
व्यापारीको र बिचौलियाको लापरवाही,
मनपरी
चपेटामा पिसिन्छन् किसान जिन्दगीभरि,
सुन्दैनन् कसैले उसका पीडा
मूर्ख कृषक,
गएर
सडकमा सामान पोख्छन्
अरु सबै रमिता हेर्छन्

तर तिनै रमिता हेर्नेलाई
अर्गानिक तरकारी र फलफूल चाहिने रे
त्यही पनि एकदम सस्तोमा
खोइ किसानलाई इज्जत?
खोइ उसको मेहनतको फल?
हरे हाम्रो नेपाल! हामी, अनि हाम्रो कृषि क्षेत्र!
ओहो! हाम्रो कृषि क्षेत्र!

*****

# ५९. खाद्य अभाव कि विभेद

**सन्तोष भण्डारी**

**कृषि तथा वन विज्ञान विश्वविद्यालय**
**रामपुर, चितवन, नेपाल**



संसार एक, परिस्थिति अनेक
चाहना एक, बाध्यता अनेक।
कहीँ ब्याप्त भोग बिलासता,
कहीँ रोदन, भोक, विवसता।
छन् चाहना समान
तर फेरि मान्छे विभेद ग्रस्त।

कहीँ उर्जाशील खानी कहीँ मरुभूमि रे त
मरुभूमि बनाउन खोज्ने मनबुद्धि नियत।
पसिना नबगाई पौरख नगरी कहाँ फलेको छ र सुन
साछी छ इतिहास खेतीयोग्य भएको मरुभूमि चुन।

अभाव खाद्यको होइन, छ अभाव पहुँचको
खाद्य खाद्य नभई बनिदियो साधन मौजको।
कहीँ रित्तो छ तन कहीँ सुनका चिउरा मुठी भरि
गाँस, बास, कपासका सपना बिलाएका छन् धुलो सरि।

कहीँ भोकै बस्ने सोख त कहीँ भोकको बाध्यता
साँचो भोक तिरस्कृत छन् दुनियामा जतातता।
सुधार्न जरुरी छ सोच आफू पुग्दो खाद्य लिने
आफूलाई बढीभई बाँकी खाद्य दान दिने।

*****

# ६०. प्रतिविम्बित जीवनमा कृषि

**रोसन तिमिल्सिना**

**सराङ्गकोट, पोखरा**
**नेपाल**



कल्पित भावनामा बाँधिएर
यो मन आज पनि खोजिरहन्छ
जीवन कहाँकहाँ प्रतिविम्बित भएको छ?

छतमा बसेर सहर हेर्दा देखिँदैनन्
बाले परेली लगाएका कोदाला
गोठाला भएर वनमा घन्किने गीतहरू
आजकल सुनिँदैनन् भेटिँदैनन् चर्ने वस्तु
म जीवन खोज्न सहरमा भौंतारिएको छु ।

उत्तर खोज्दै डिलमा पुगेका छन् पाइला
जहाँबाट हरियो फाँट देखिएको छ
देखिन्छन् छेवैमा बगेका खोला
आयुको भर नभएका वैमनस्य छाप्रा
मेरा बा झैँ बूढा कुलोका धर्सा ।

फाँटको छाती चिरेर ठाउँठाउँमा
आ-आफ्ना भाग लगाइएको छ
जहाँ कुलो सपना बोकेर दौडिन्छ
बगेको कुलोमा मेरा बालाई देखेँ
हरपल निस्वार्थ जो सन्तानको-परिवारको
आशालाग्दा भविष्य/सपनामा दौडिन्छन् ।

आफ्नै शरीरको बेवास्ता गर्दै
कोखमा बाला झुन्डाएको छ बोटले
बेलाबेलामा त्रासको हुरी चल्छ
र बेजोडले हल्लाउँछ
आशाका त्यान्द्रालाई
कुनैबेला रिसाएर चुट्न खोज्छ प्रकृति
यी धानका बोटमा मैले आमालाई देखेँ
जो संघर्ष-त्रास-चुनौतिमा सन्तान हुर्काउँछिन् ।

मेरा ओठ देखेँ आलीमा हेरिरहँदा
जो चिरिन्छन् अस्तित्व बचाउन
एक सर्को बतास आएर फूललाई चुम्दा
खुसीले नाच्न थालेको छ मयूर
घामका प्रेमिल किरणले बोलाएपछि
दिनभर सूर्यमा टोलाउँछ सूर्यमुखी
यो कस्तो प्रेम बतास र मयूरको!
कस्तो प्रेम सूर्यमुखी र सूर्यको!

फूल फक्रन्छ मौरीकालागि
अरुकै रहरमा मह जम्मा हुन्छ
के छैन कृषिमा हाम्रो जीवनमा जस्तै
पाप, धर्म, त्याग, रहर, प्रेम, घृणा?

सबैतिर कृषि नियाल्दा जीवन देखेपछि
सहरको छातीमा बाको कोदालोले लेख्दैछु
"जीवन कृषिमा पनि प्रतिविम्बित रहेछ।"

*****

# ६१. कृषि नै नेपालको उन्नति



**अम्बिका अधिकारी तिवारी**

**मिसिसिपी स्टेट युनिभर्सिटी**
**मिसिसिपी, अमेरिका**

हिमाल पहाड तराईको अखण्ड विविधतामा
कलकल नदीनालाले सजिएको छ मेरो देश नेपाल
कति उर्वर छ यहाँको माटो, वरदान छ नेपाल आमाको
लटरम्म फलिरहन्छ फलफूल अनि अन्नपात, कृपा छ प्रकृतिको

यही नै हो प्राण भन्दा प्यारो मेरो कृषि प्रधान देश
यही नै हो मेरो नेपाललाई टिकाउने अनि माथि पुऱ्याउने भेष

सिंगापुर जस्तै बनाउँछु भन्छौ होला, प्रविधि भित्र्याउँछौ होला
फाइभ-जी र सिक्स-जी ल्याई टेक्नोलोजी बिछ्याउँछौ होला
ठूला ठूला विकासको कुरा पनि गर्छौ होला
आशैआशमा हामी पनि
कहिल्यै बिपना नबन्ने सपनालाई पर्खिन्छौँ होला
तर,
चारैतिरको असीमित सपनाहरू चकनाचुर भएर झर्दा,
जीवन र मरणको धारमा हरेक नेपालीले आफूलाई दाँज्नु पर्दा,

फर्केर हेर त,
आफ्नो एउटा सानो मिहिनेतले पहेंलपुर अन्न झुल्छ यहाँ,
सदाबहार फलफूल तरकारीहरू डाँडाकाँडा भिरपाखा ढाकेर फल्छ यहाँ
गाई भैंसी भेडा बाख्रा कुखुरा अनि ढुकुर, मयूर रमाएर चर्छ यहाँ
भरिपूर्ण छ हामी पौरखी नेपालीलाई आफ्नै पाखुरा र स्वाभिमानमा बाँच्न यहाँ

यही नै हो प्राण भन्दा प्यारो मेरो कृषिप्रधान देश
यही नै हो नेपालको अन्तिम उन्नति र गरिमाको भेष

*****

# ६२. नापा

**धनन्जय ढकाल**

**यूलेस, टेक्सास**
**अमेरिका**



अन्नबाली ल्याउन छोडौं सागर पारिबाट
सबै कुरा फल्छ अब हाम्रै बारीबाट
खाद्यान्नको अभाब भयो विघ्न जुट्न थाले
नापा अब चाहिन्छ भनी बनाइकन छाडे

रोजगार मिल्छ आफ्नै घरमा जान हुन्न कतै
नापा जान्छ घर-घरमा बस्नु हुन्न त्यसै
उन्नति त हुन्छ उसको पौरख जसले गऱ्यो
कृषिप्रधान देशमा किन भोकै बस्नु पऱ्यो?

उठे पछि बस्नु हुन्न खेतको आलीबाट
परिश्रम गरे सुन फल्छ हाम्रै कान्लाबाट
अमेरिकामा नापा बन्यो युवा जाग्न थाले
विदेश जान छोडी खेती तिर लाग्न थाले

जाँगरले विकासका ढोका खोल्नु पर्छ
अब मिलिजुली सबै जना खेती गर्नु पर्छ
हलुंगेमा झर्नु हुन्न सुनको आरीबाट
डलर फल्छ, सुन फल्छ हाम्रै बारीबाट

*****

# ६३. नापा र कृषिमा रूपान्तरण


**नित्यानन्द खनाल**



**कृषि तथा कृषि-खाद्य विभाग**
**बिभरलज, क्यानडा**


आज भन्छ मन किन किन, गाथा गाऊ नापाको
बन्धु चेली विशाल परिवार, नाता लाऊ नापाको
मातृभूमि सेवा धरोहर, मन्च बनाऊ नापाको
स्वयंसेवी kपुण्य भावनाले, समीप आऊ नापाको

खाद्यसुरक्षाको माध्यम एक, कृषि रुपान्तरण
आविष्कार प्रसार अनुकुलित, विधि अवधारणा
वार्षिकी हो आज दिन यो पुनीत, नापाको स्थापना
सु-संस्कृति गानबजान बिधा, कविताको वाचन

सौर्यशक्ति जलवायु विविध, धर्तीका संसाधन
वनस्पति दिव्ययन्त्र स्वरूप, गर्दछन् प्रशोधन
प्रविधिका जननी पथ हुन्, विज्ञान अनुसन्धान
कृषि सिप प्रविधि साधनको, सामर्थ्य संयोजन

उत्पादन भन्डार प्रशोधन प्रविधि, चुस्त उन्नतिकरण
उपयोगिताक्रम स्वच्छ छरितो, दुरुस्त बजारीकरण
सरोकारवाला हातेमालो गरी, चुमौँ ती सम्भावना
जय होस् वैदिक-वैज्ञानिक कृषि, सुभेच्छा शुभकामना

*****

# ६४. डुल्दै हिड्ने चरी

**शरद परासर मरहट्टा**

**हवाई विश्वविद्यालय**
**हिलो, हवाई, अमेरिका**



रन-वन डुल्दै हिड्ने गाउँकी ए चरी
विरानो भो साथ हाम्रो को छ वरिपरि?

मेलाजादा सँगै जाने कोही छ कि छैन?
भारो-पर्म चलाउने साथी छ कि छैन?
गाउँ-बेसी उस्तै होला, घाँस-पानी उस्तै
आँसु बग्दा साथ दिने काँध छ कि छैन?

रन-वन डुल्दै हिड्ने गाउँकी ए चरी
विरानो भो साथ हाम्रो को छ वरिपरि?

घैयाबारी, टार, कान्ला सम्याउने कोही
गैह्रीखेत हिल्याउने लाठे छ कि छैन?
भेल, बर्षा, बाढी, पैह्रो उस्तै उस्तै होला
बर्षा पछि झुल्ने धान उस्तै छ कि छैन?

रन-वन डुल्दै हिड्ने गाउँकी ए चरी
विरानो भो साथ हाम्रो को छ वरिपरि?

देउसी भैलो छ कि छैन, दाइँ छ कि छैन?
दाइँ अघि नयाँ धानको न्वागी छ कि छैन?
गाई भैँसी बेसीसम्म सार्ने छ कि छैन?
जंघारमा हात समाई तार्ने छ कि छैन?

रन-वन डुल्दै हिड्ने गाउँकी ए चरी
विरानो भो साथ हाम्रो को छ वरिपरि?

*****

# ६५. महिला कृषि विज्ञ र 'वाप'*

**गिता कोइराला**

**डालास, टेक्सास**
**अमेरिका**



कृषि प्रधान देश नेपालकी कृषि विज्ञ छोरी
सहयोग तिमीले गर्न सक्छ्यौ विकासमा धेरै
कृषक आमाबुवा दाजुभाइ दिदीबहिनी सबै
सहयोगको पर्खाइमा छन् कृषि विज्ञ तिम्रै

कोही छन् सफल कृषक कोही सफल उद्यमी
सबको लागि सोधकार्य जारी राख तिमी
तिम्रो सानो सहयोग पनि धेरै ठूलो हुन्छ
ज्ञान सिप बाँडेर नै फैलिएर जान्छ

'वाप' तिमी जन्मियौ नापाको अङ्ग बनी
तिमी कति भाग्यमानी पायौ राम्रा नानी
कोही त भने संसदमा कोही प्राध्यापनमा
कोही भने सरकारी, कोही गैर सरकारीमा

कोही त भने देशमै छन् कोही विदेशमा
जो जो जहाँ बसे पनि सोच विकासमा
कृषि विकास हामी सबको साझा उदेश्य छ
हातेमालो गरीअघि बढौ सार्थक हुँदै जान्छ

जुन जुन देशमा बसेपनि हामी एक होऔँ
'वाप'सँग आबद्ध भै हामी अघि बढौँ
थोपा थोपा मिलेर नै समुन्द्र बने सरी
सबै मिली गरौ विकास अघि बढी बढी

जो जो सँग जे जे हुन्छ त्यही दिन सिकौँ
सानो ठूलो कोही छैन सबैलागि परौँ
मातृभूमि नेपाललाई हामी माया गरौँ
'वाप'सँग आबद्ध भै कृषि विकास गरौँ

*****

*Women in Agricultural and Allied Profession (WAAP)

# ६६. हाम्रो त घरको मुसाले

**भरतमान श्रेष्ठ**



**कृषि तथा कृषि-खाद्य विभाग**
**बिभरलज, क्यानडा**

हाम्रो त घरको मुसाले मकै त खाँदै खाँदैन,
धानको रास खै भन्छ, कोदो त छुँदै छुँदैन
हजूरबाले भन्नुभाको, मैले त्यही बुझेको
धानै उत्तम अन्न, कोदो मकै कुअन्न रे

धान खानेको धाक ठूलो, घिरौंला जत्रो नाक
कोदो मकै खाने त गरीब-गुरुवा र कुजात
मैले पनि धानकै चामलभन्दा अरू रोजिन
अति मन परे नि कोदो फापर खोजिन।

भातै खाने बिहानै, दिउँसो अनि साँझमा
धानकै धाक छरछिमेक र साथीभाइ माझमा
संगीसाथीलाई उडाइयो खाएमा मकै भुटेको
रोटी खाएमा आँटो, कोदो र फापर पिठोको

आजकल त झन् विकृति पत्रु आहार खाने किनी
घरको खाना खानेलाई पटमूर्ख सम्झिनी
मकै-भट्ट त कहानी उहिले बाजेले खाएको
खुदो र जौको सातु त एकादेशको कथा भएको

धाक ठूलो खुट्टा लुलो अब बल्ल थाहा भो,
हजूरबाको धाने मुसा त रैछ नक्कली धाक पो
कोदो फापरका पोषण कति कति बल्ल अब बुझैँ
प्रेस्क्रिप्सनको सप्लीमेन्ट किन्दै पश्चाताप गरें।

पुट्ट निस्केको मेरै भुँडी, घटाउन कस्तो गाह्रो
ढिँडो खाने भरिया दाइको पाखुरा कति साह्रो
सेतो भात सत्य हैन रैछ, कालै ढिँडो रोजौँ
भाते संस्कृति भित्र्याउने ढोंगी समाज बुझौँ

प्राचीन स्वस्थ खाना हाम्रो बजारिया भन्दा गुनिलो
धान र धनको रवाफ भन्दा स्वास्थ्य ज्यान ठूलो
धान खाने मुसालाई बिरालो लगाई मासौँ,
हजूरबाको बोक्रे धाकमा हैन स्वस्थ जीवन बाँचौँ।

*****

# ६७. कृषि र संस्कृति



**यमुना घले**

**काठमाडौँ**
**नेपाल**

हामी नेपाली, हाम्रो नेपाल
संस्कृतिमा गर्व गरी कृषिलाई अँगाल
जलवायु अनुरूपको कृषि र भौगोलिक विविधता
कृषिलाई सम्मान गर्ने समावेशी जातीयता

वर्षैभरि आउने चाडबाडको लहर
कृषिबाटै पुर्याऔँ सबैको रहर
वैशाखमा बिस्केट जात्राको रौनकमा रमाउँछन्
आफ्ना जातीय संस्कृतिका खाना खुवाउँछन्

जेठमा बौद्ध पूर्णिमा भव्यताका साथ मनाउँछौँ
सादगी खाना खाँदै सबै वनस्पतिजन्य प्रजातिलाई नमन गर्छौँ
असारे पन्ध्र, माना रोपेर मुरी फलाउने मौसमको सम्मान
सबै मिली दही चिउरा आँप र तोरीको सागको स्वाद मीठो मान

साउने सक्राँन्तिमा लुतो फाल्ने
राँको बाल्दै फलाक्ने, विशेष अवसर
सबैजना रमाउँछन् बाक्लो खिर खाएर
भदौरे मौसम, वर्षामा रुझेर थाकेका किसान
प्रोटिनयुक्त क्वाँटीको झोल पिउन चाहिन्छ थरिथरिका दलहन

साउन, भदौमा नै आउँछ चाड जितिया, हरेलो, र तिज
खेतीपातीको पूजा गर्दै, दर खाएर खुशी मनाऔँ सबै बिच
असोज कार्तिकमा त चाडैचाड आउँछन्
दशैंमा जौ, मकैको जमरा राख्छौँ

तिहारमा मखमली फूल, भाइमसला दिएर दाजुभाइलाई माया बाँड्छौँ
छठ आउँदा, छठीमाईलाई गर्भे धान चढाउँछौँ

विविध कृषि उपज सूर्यलाई चढाउँछौँ
वैशाखमा उँभौली र मंसिरमा उँधौली मनाउँछौँ
नयाँ बालीलाई स्वागत गर्दै न्वाँगी खाएर सहकाल जगाउँछौँ

आहा! बाला चतुर्दशी, शतबीज छर्ने दिन
दिवंगत पितृलाई मनैदेखि सम्झन
पुषदेखि ल्होसारको लहर
बाह्र प्रकारका पशुपंछीसँग मिलाऔँ उमेर

माघ र माघी, तरुल, तिलको लड्डु
घिउ चाकुका साथ शरीरमा न्यानो जगाइ
फागुमा रंग मिसाएर
चैते दशैं मनाऔँ सबै जम्मा भएर
धन्य कृषि, तिमी छौ र त, संस्कृति जागा छ
विविधता छ र त, पहिचानमा गर्व गर्न पाइएको छ

*****

# ६८. अनपेक्षित कृषि विचलित परिवेश

**नित्यानन्द खनाल**

**कृषि तथा कृषि-खाद्य विभाग**
**बिभरलज, क्यानडा**



खाना केहो कसरी खाने हो कहाँ किन्न पाइन्छ
जाने भैगो, अरु के को पिर कहाँ उब्जा गरिन्छ
यस्तो चाल अधिक युवाको छैन फिक्री जाँगर
बारी बाँझो खेत भो बगर, शून्य भयो गाउँघर

मर्म पोख्छन् वृद्धजनहरू जो छन् गाउँघरमा
छोरा परदेश बुहारी नातिना रहन्छन् शहरमा
जोखिम छ मजदुरी अति कर्कस मालिकको
आँतै सुकाइ पठायो कमाइ हात लाग्यो शून्य भो!

कैले आउला होस र मान्यता काम गर्ने काजी हो
कौडी उपती बिना सयल र मोज खोज्ने पाजी हो
नेता र अगुवा बुज्रुकहरूको प्रवृत्ति नै गफाडी
धन्दा कमिसन घुसपिस अनि प्रलोभन चाकडी

नौजवान लाग अब बाटो पौरखको तपस्या
सच्चा दृष्टि मेहनत सिप, समृद्धिको रहस्य
आत्मनिर्भर स्वभिमानीहरूको एकसूत्र एकता
शक्ति त्यही हो आधार भरोसा पवित्र आत्मीयता!

*****

# ६९. नापा तिमी

**गोबिन्द बराल**



**अमेरिका**

झुल्के घाम जस्तै कृषि पेशावालाको आशा तिमी
नेपाल मात्र हैन विश्वभरकै अभिलाषा तिमी
अहो कति छिट्टै बनिसक्यौ गरीबको आशा तिमी
बढ्दै जाऊ अघि साथ हामी दिनेछौँ नापा तिमी

गोष्ठी सेमिनार अन्तर्क्रिया अनेकौं छलफल
हेर्दै बिचार गर्दै लक्ष्यमा छौ अडिग हरपल
साँच्चै बन्नुपर्छ भबिष्यमा सबैको छाता तिमी
बढ्दै जाऊ अघि साथ हामी दिनेछौँ नापा तिमी

अनुसन्धान गरी बर्तमानका कमजोरी पत्तालायौ
ती कमजोरी सच्याउन सिंहदरवारलाई झक्झक्यायौ
बन्नुपर्छ पछि मेची देखि कालीको आशा तिमी
बढ्दै जाऊ अघि साथ हामी दिनेछौँ नापा तिमी

सुनेँअहिले त पुस्तक लिई हिड्दैछौ जतातत‍ै
नापा जर्नलले पिटिसक्यो तहल्का यो जगतै
यस अर्थले त बनिसक्यौ सबैकी माता तिमी
बढ्दै जाऊ अघि साथ हामी दिनेछौँ नापा तिमी

गरीब जेहेन्दार बिद्यार्थीमा थप्दियौ थप हौसला
अनुदान दिंदै अनुसन्धानमा ल्यायौ तत्परता
सुन्दर भबिष्यको अनमोल सुनौलो आशा तिमी
बढ्दै जाऊ अघि साथ हामी दिनेछौँ नापा तिमी

एग्रिकनेक्सन बनिसक्यो सफल खबरदाता
यस्ता अनेकौं छन् बयान गरी सकिन्न विशेषता
बैज्ञानिकहरू संगठित गराइ राख तिमी
बढ्दै जाऊ अघि साथ हामी दिनेछौँ नापा तिमी

नाँची फुर्र फुर्र कृषकका घरमा पुग्नु तिमी
सँकलन केन्द्र बजार र उद्योग घुम्नु तिमी
यति मात्र हैन बन्नु हर किसानको सपना तिमी
बढ्दै जाऊ अघि साथ हामी दिनेछौँ नापा तिमी

*****

# अनुसूची १: समालोचना

## कृषिका सुसेलीहरु (नापा कृषि कविता संग्रह अंक-१): समीक्षात्मक टिप्पणी*



**प्रा. गोपी उप्रेती**

**ट्रस्टी, अन्तरास्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**भर्जिनिया, संयुक्त राज्य अमेरिका**

साहित्य भनेको नै मानिसले अनुभूत गरेका समवेदना, भावना, मनोदशा र चेतनालाई भाषाको माध्यमबाट अभिव्यक्त गर्ने तथा सम्प्रेषण गर्ने कला हो। स्रष्टाले अनुभूतिकरण गरेका संवेदनाका तरंगहरू, भावनाहरू र मनोदशाहरू उसका सिर्जनामा अभिव्यक्त भएका हुन्छन। त्यसकारण साहित्य मानव अनुभूतिको अभिव्यक्ति हो। मानव जीवनले भोगेका अनुभव, अनुभूति र उसको इच्छा, चाहना र परिकल्पना कलात्मकरुपले अभिव्यक्त गर्नु नै साहित्य सिर्जना गर्नु हो।

अम्बिका अधिकारी तिवारी, नित्यानन्द खनाल, भरतमान श्रेष्ठ, र अतिथि सम्पादक टीकाराम वाग्लेद्वारा संकलित र सम्पादित यो "कृषिका सुसेलीहरू" कविता संग्रहमा ६९ वटा कविता समाविष्ट गरिएका छन्। यी सबै कविताहरू कृषिको उत्पादन प्रणालीमा रुपान्तरण नगरी, कृषि खाद्यान्नमा आत्मनिर्भर नभै देशमा सम्वृद्धि आउन सक्दैन र देशले विकास गर्न सक्दैन भन्ने चेतनामूलक सन्देश संप्रेषण गर्ने हेतुले लेखिएका छन्। एकातिर पहाड, पर्वत, मदेश सबैतिरबाट युवा शक्ति रोजगारको खोजीमा विदेशीने अवस्था, अर्कोतिर पहाड, उपत्यका, मदेशका कृषियोग्य जमीन जनजनशक्तिको अभावमा बाँझै रहने अवस्था र विदेशबाट आयतित खाद्यान्नमा डरलाग्दो परनिर्भर अवस्थाको पृष्ठभूमिमा लेखिएका यी कविताहरु अति नै सान्दर्भिक र महत्वपूर्ण छन्।

कृषि र पर्यावरण साहित्य सिर्जनाको विषयवस्तु बन्न नसकिरहेको परिप्रेक्ष्यमा नापाको पहलकदमीमा कृषि साहित्यको यो कविता संग्रहको प्रकाशन हुनु निकै प्रसंशनीय र स्वागतयोग्य कार्य हो। आज हामीलाई कृषि र पर्यावरण साहित्यको ठूलो खाँचो छ, खासगरी नेपाल जस्तो कमजोर कृषि उत्पादन प्रणाली र कमजोर पर्यावरण धरातल भएको देशमा। हामीलाई दिगो कृषि उत्पादन प्रणाली, माटो, जमीन, जल, जंगल, जैविक विविधता र जीवन बचाउने चेतनामूलक साहित्यको आवश्यकता छ। "कृषिका सुसेलीहरू"को यो कविता संग्रहले एकातिर नेपालको कृषि क्षेत्रमा देखा परेका समस्या, विसंगति, विग्रह र कृषकहरुको अवस्थाको सटिक ढंगले चित्रण गरेको छ भने अर्कोतिर कृषि उत्पादन प्रणालीलाई मर्यादित र व्यवसायिक नबनाई देशले सम्वृद्धि प्राप्त गर्न सक्दैन भन्ने चेतनामूलक सन्देश पनि सम्प्रेषण गर्न सक्षम भएकोछ।

यो कविता संग्रहका अधिकांश कविताहरू युवा पुस्ताका कवि र कवयत्रीहरूबाट रचयित भएकाले पनि यो कविता संग्रहको विशेष महत्व रहेको छ किनभने कृषि विकास भनौं वा देश विकासको कुरा गरौं, त्यो सबै युवा पुस्ताकै नेतृत्व र पहलकदमीमा हुने हो। अधिकांश कविताहरुमा कविता सिर्जना गर्ने सिकारुपनको झ-झल्को देखिए पनि यस कृषि कविता संग्रहले माटो, बिउ-बिजन, जल-जमीन, जंगल, जीवन र जैविक विविधता नै हाम्रो बाँच्ने, बचाउने आधारशिला हो र देशको सम्वृद्धिको मेरुदण्ड हो भन्ने सन्देश दिन सफल भएको छ। सबै कविताहरुले राम्रो र अर्थपूर्ण भाव सम्प्रेषण गरेका छन् तथापी केही प्रतिनिधिमूलक कविताहरू र तिनीहरुले अभिव्यक्त गरेका चेतनामूलक सन्देश जो अर्थपूर्ण र मनन योग्य छन्, तिनका बारेमा यो समीक्षात्मक टिप्पणी तपाईहरू समक्ष प्रस्तुत गर्न पाउदा खुशी लागेको छ ।

कवयत्री गरिमा उपाध्यायको “कृषिमा सम्वृद्धि” कविताका निम्न उद्धरणले धेरै कुरा उजागर गर्छन्। उनी भन्दछिन् हाम्रा हरिया, पहाड, पाखा, वन र बेशीहरूमा प्रविधिको विस्तार गरी सम्वृद्धिको जग बसाएर व्यवसायिक बन्दै सपना साकार पारे हामी किन विदेशीनु र रुनु पर्दछ र?

पाखा यी हरिया पहाड वनका उद्योग धन्दा गरौँ|
बेंसी, लेक घुमी घुमी प्रविधिको विस्तार आफैं गरौँ||
आस्थाका सपना बुनौं अब सधैँ पर्दैन प्रवासिन|
बन्दै जाउँ न व्यावसायिक सबै पर्दैन हामी रून||

कवि गणेश बेलबासेको "माटोको मर्म" कविताले माटोको महत्वलाई मात्र उजागर गरेको छैन, यो कविताले “माटो” मानव सभ्यताको उत्पत्ति र मानिसका सपनाहरु फुल्ने फल्ने धरातल हो भन्ने यथार्थतालाई सम्प्रेषण गरेको छ।

यही माटोमा फुल्छन् युगीन सपनाहरू
भोक मेटाउने समृद्ध पलहरू
माटोले लेखेका जीवनहरू
माटो खाएर भविष्य कोर्छन्
माटोमै हराभरा भएर
माटोमै बिलाउँछन्
त्यसैले माटो युगीन सपनाहरूको धरातल हो

"कृषि कविता" शीर्षकमा कवि रामहरी अधिकारीका यी उद्धरणले कृषि नै सबैको उद्धार गर्ने र दु:खमा सबैलाई आश्वस्त पार्ने भरोशायोग्य पेशा हो र कृषि पेशालाई महत्व दिन सके देशको प्रगति सुनिश्चित हुन सक्छ किनभने उद्यम, व्यापार र रोजगारीका अवसर कृषिबाट नै उत्प्रेरित हुन्छन भन्ने सत्यलाई उजागर गरेका छन्।

कृषि हो सबको घरै घरमहाँ, गोदाम भर्ने पनि,

कृषि नै जनको मुलूक भरको, उद्धार गर्ने पनि ।
कृषिले दु:खका हरेक क्षणमा, आश्वस्त तुल्याउँछ,
मान्छेको अति नै कठीन घडीमा, जीवन्त तुल्याउँछ ।१।

कृषिमा दिउँ है महत्व सबले, यो देशको खातिर,
जानुपो किन पर्दथ्यो अरु मुलुकमा, खोजेर लौ जागिर ।
चल्छन् उद्यम औ ब्यापार पनि ति, सुधार कृषि गरे,
कृषिकै भरमा सहस्र प्रगती, यो देश भित्रै भरे ।।६।।

"ऊ कृषक" कविताकी आरती खुलालका यी उद्धरणले सफा हत्केला र औंलाहरूले माटोले पोतिएका किसानका हातलाई गिज्याउन सकेनन् र माटोमा उसले रोपेका धानका बाला भन्दा हीरा र सुन चम्किएनन् भनेर कृषि कर्म गर्न लाज मान्ने सुकुलगुण्डे प्रवृति प्रति ब्यंग्य गरेकी छिन्।

मेरा निखर सफा हातका औँलाले
उसका माटैमाटो भएको औँलालाई
कहिल्यै गिज्ज्याउन सकेन।
लजाइरहे त केवल आफ्नै सफा हत्केलाहरू।

हार अनि नैराश्यताको दुनियाँमा
उसले माटोसँग आशा गर्न कहिल्यै छोडेन।
हीरा अनि सुनको जमानामा,
ती सुन उसले रोपेको धानको बाला
भन्दा कहिल्यै चम्किएन।

"कृषिमा नै नेपालको उन्नति" देख्ने कवयत्री अम्बिका अधिकारी तिवारी आफ्नो कवितामा बोल्छिन- उर्बर माटो र नदीनालाले सज्जिएको हाम्रो देशमा गरे के हुदैन? खाँचो छ त केवल हाम्रो आफ्नै पौरखी पाखुरा र स्वाभिमानमा विश्वास र बाँच्न चाहने दृढसंकल्प सहितको उद्यमसिलता। उनको कविताको यी उद्धरणले यथार्थताको सटिक चित्र प्रस्तुत गरेको छ ।

फर्केर हेर त,
आफ्नो एउटा सानो मिहिनेतले पहेंलपुर अन्न झुल्छ यहाँ,
सदाबहार फलफूल तरकारीहरू डाँडाकाँडा भिरपाखा ढाकेर फल्छ यहाँ
गाई भैंसी भेडा बाख्रा कुखुरा अनि ढुकुर, मयूर रमाएर चर्छ यहाँ
भरिपूर्ण छ हामी पौरखी नेपालीलाई आफ्नै पाखुरा र स्वाभिमानमा बाँच्न यहाँ

"युवा वर्गलाई कृषि प्रधान देशको आग्रह" कवितामा कवि पद्मनाथ आत्रेयले हिमाल, पहाड र तराईको सुन्दरताको वर्णन गर्दै यहाँको सुनौला भूमिमा नहुने के छ र हामी जे पनि त उत्पादन गर्न सक्छौ भन्ने

सन्देश प्रवाह गर्नु भएको छ । युवाहरूलाई आव्हान गर्दै भन्नुहुन्छ - क्षणिक विलासितामा नहराऊ, माटोमै सम्वृद्धि र भविष्य खोजौं। यो सन्देशले युवाहरूलाई कृषि उद्यमसिलतामा प्रेरणा जगाउने काम गरेको छ, जो मननयोग्य छ।

यता पहाड सुन्दरै, उता हिमाल सुन्दरै ।
तराइको त के कुरा, सुनौल खेत सुन्दरै
गरे हुदैन यहाँ के, मनैभरी वनैभरी ।
बिउ मुना टुसाउँछन्, विकासले सधैँभरी

भुमी बने तिमी बन्छौ, क्षणीकता नहेर है ।
रमेर देशमै मरौं, बिलाशिता नरोज है ।
रमाइलो छ देशमै, जुटौं सवै युवा मनै ।
भुमी हाम्रो भविष्य हो, उठौं सवै युवा जनै ।

"कृषि जीवन र जगत" कवितामा कवयत्री अमिता कंडेलका यी उद्धरणहरु मननयोग्य छन्। उनका कविताका यी उद्धरणले अब चुप लागेर बस्ने बेला छैन, जुर्मुराएर उठ्नुपर्छ, बाँझा जमीन फोर्नुपर्छ र कुलोहरु सोझ्याउनुपर्छ भन्दै सबैलाई सकारात्मक सोचका साथ कर्मसिल हुन आव्हान गर्दछिन्। त्यसरी नै उनी भन्छिन् माटोको नियत त जीवन दिनु हो, जीवनको रक्षा गर्नु हो, माटो भन्दा पर न त जीवन छ, न त जगत नै छ। त्यसैले उनी सबैलाई आव्हान गर्छिन् माटोको पूजा गर्न!

अब,
उठ्नु पर्छ हलोधारीहरू
जुर्मुराउनु पर्छ कोदाला र आँसीहरू
फोर्नु पर्छ बाँझो जमीनहरू
सम्याउनु पर्छ ढिस्का र कान्लाहरू
सोझ्याउनु पर्छ कलकल बग्ने कुलोहरू

नियतिहरूको नियत
चाहे जे सुकै होस्
माटोको नियत सधैँ जीवनको रक्षा गर्ने हुन्छ
माटो भन्दा पर
न जीवन छ, न त जगत छ
ओ मान्छेहरू हो
आऊ माटोको पूजा गरौँ।

यो कविताभित्र जीवन र जगत बोलेको छ। कविताले जीवन बाँच्ने दर्शन पनि बोकेको छ। कृषि विकासको सुन्दर भविष्य निर्माण गर्न उत्प्रेरणामूलक सन्देश प्रवाह गरेको छ।

कृषि उत्पादन प्रणाली भनेको जमीन, जल, जीव र जैविक विविधताको सन्तुलित उपयोग र संयोजनमा विकसित प्रणाली हो। यो प्रणालीलाई 'चार ज' को अन्योन्यास्रित प्रणालीको रुपमा बुझ्नुपर्ने हुन्छ। नेपालको प्राकृतिक सम्पदा भनेको नै यी नै 'चार ज' हुन् र यिनको प्रणालीगत सन्तुलित विकाशमा मात्र दिगो कृषि उत्पादन प्रणाली सम्भव छ। कोरोना भाईरसको संक्रमणले सिकाएको महत्वपूर्ण पाठ के हो भने आयआर्जन र जीविकाका सबै क्षेत्रहरु ध्वस्त हुँदा, कृषि उत्पादन प्रणाली नै अन्तिममा जीवनधान्ने एक मात्र भरपर्दो आधार हो भन्ने तथ्य। यो तथ्यलाई आत्मसाथ गरेर नेपाल जस्ता विकाससिल देशहरुले कृषि उत्पादन प्रणालीलाई विशेष प्राथमिकतामा राखी कृषि विकासको दीर्घकालिन रणनीति  बनाउनु नितान्त आवश्यक छ। जब सम्म कुनै पनि देश खाद्य सुरक्षामा आत्मनिर्भर हुँदैन, तब सम्म त्यो देश कुनै पनि क्षेत्रमा सुरक्षित हुन सक्दैन। किनभने, खाद्य-सुरक्षा नै सबै सुरक्षाको आधारशिला हो। त्यसैले त भनिने गरिन्छ नि "कृषि मुलश्च्य जीवनम"।

अन्त्यमा सबै कवि कवयत्रीहरूलाई अझ मीठा र सुरिला भाकामा कृषिका सुसेलीहरु सिर्जना गर्ने जाँगर चलिरहोस् र नापालाई ती सुसेलीहरु नेपाली कृषकहरुका कानमा गुन्जायमान गर्न सफलता मिलोस्। आशा गरौँ "नापा" एकदिन नेपाली कृषकका घरमा ज्ञान-विज्ञान र संज्ञानको भरोसा र आकर्षणको केन्द्र बन्न सकोस्। "कृषि मुलश्च्य जीवनम" को संवाहक बन्न सकोस् भन्ने शुभकामना र शुभेच्छा सहित धन्यवाद।

*****

(* यो समालोचना मिति १७ फेब्रुअरी २०२१ मा थप गरिएको हो। लेखकले यो समालोचना कविता संग्रह लोकार्पणको कार्यक्रम मिति फेब्रुअरी १५, २०२१ मा प्रस्तुत गर्नु भएको थियो।)

# कृषिका सुसेलीहरू

नापा कृषि-कविता संग्रह